# अध्याय-एक

## शोधपरिचय

### १.१ शोधशीर्षक : -

प्रस्तुत शोधपत्रको शीर्षक लीलबहादुर क्षेत्रीको “बसाई, उपन्यासमा पाइने सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन” रहेको छ ।

### १.२ शोध प्रयोजन :-

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत नयाँ पाठ्यक्रम अनुसारको स्नात्कोत्तर तहको दोश्रो वर्षको दशौँ पत्रको प्रयोजनका निम्ति तयार गरिएको छ ।

### १.३ समस्या कथन :-

प्रस्तुत शोधको क्रममा, उपन्यासकार लिलबहादुर क्षेत्रीको साहित्यिक गतिविधिलाई पहिल्याउनु भन्दा पूर्व उनको जिवन परक गतिविधिलाई बुझ्नु मुल समस्या देखिन्छ । निम्न बुँदागत सवालहरु समस्याको रुपमा मेरो अगाडी उपस्थित भएका छन् ।

क) उपन्यासकार लीलबहादुर क्षेत्रीको सिङ्गो जिवनलाई पहिचान गर्नु नै कठिन,

ख) उनको साहित्यिक मूल प्रवृतीलाई पहिचान गर्नु अर्को समस्या,

ग) ‘बसाइ’ उपन्यासको भावात्मक आश्रयलाई ठम्याउनु अर्को समस्या र

घ) ‘बसाई ’ उपन्यासको विश्लेषण गरेर निष्कर्षमा पुग्नु समस्या नै समस्याको खाडल बनेका छन् ।

**१.४ शोधको उद्येश्य :-**

उपयुक्त समस्या कथनमा केन्द्रित रही उपन्यासकार क्षेत्रीको 'बसाई' उपन्यासको सँरचनात्मक विशिष्टलाई विभिन्न दृष्टिकोणलाई केलाउनु नै प्रस्तावित शोधपत्रको मूल उद्देश्य रहेको छ ।

यस शोधकार्यका उद्देश्यहरु निम्नलिखित बुँदागत रुपमा रहेका छन् ।

क) उपन्यासकार क्षेत्रीको सिङ्गो जिवनलाई पहिचान गर्नु,

ख) उनको साहित्यिक मूल प्रवृतीलाई केलाएर स्पष्टयाउनु ,

ग) 'बसाई' उपन्यासको भावात्मक आश्रयलाई पत्ता लगाउनु,

घ) 'बसाई' उपन्यासको विश्लेषण गरेर निष्कर्षमा पुऱ्याउनु,

**१.५ पूर्वकार्यको समीक्षा :-**

'बसाई' उपन्यास लीलबहादुर क्षेत्रीको उल्लेखनीय कृति हो । यस सन्दर्भमा निम्न लिखित व्यक्तिहरुले कृतिकार र कृतिका विषयमा गरेका टिप्पणीहरु निम्न सन्दर्भद्वारा कालक्रमिक आधारमा स्पष्ट्याउनु सान्दर्भीक देखिन्छ ।

**क) कृष्ण चन्द्रसिंह प्रधानले नेपाली उपन्यासकार र उपन्यास भन्ने कृतिमा :-** (दोश्रो सँस्करण २०४३ साझा प्रकाशन ) यस पुस्तकमा अध्यायगत रुपमा उपन्यासको परिचय सिद्धान्त र उपन्यासकार लीलबहादुर क्षेत्रीको परिचय 'बसाई' उपन्यासको छोटो विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**ख) राजेन्द्र सुबेदी २०५३ ले नेपाली उपन्यास परम्परागत प्रवृति :-**

यस पुस्तकमा उपन्यासको सैद्धान्तिक स्वरुप, उद्भव र विकास प्रक्रियाको चर्चा गर्दै उपन्यासहरुको धारागत वर्गिकरण गरिएको छ । यसै पुस्तकमा लीलबहादुर क्षेत्रीलाई आदर्शोन्मुख यर्थाथवादी उपन्यासकारको रुपमा परिचित गराईएको छ भने उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी धारामा राखेर विश्लेषण गरिएको छ ।

**ग) कृष्ण हरि बराल र नेत्र एटम '२०५८' ले उपन्यास सिद्धान्त र नेपाली उपन्यास :-**

यस पुस्तकमा उपन्यासिक बर्गिकरणका आधारमा 'बसाई' को चर्चा गरिएको छ भने त्यस्तै तात्विक विश्लेषणका आधारमा 'बसाई' उपन्यासको उल्लेख गरिएको छ ।

**घ) फनिन्द्र राज निरौला र गणेश वशिष्ठ '२०६४' अनिवार्य नेपाली व्याकरण रचना र समीक्षा कक्षा १०+२ :-**

यस पुस्तकमा उपन्यासकार लीलबहादुर क्षेत्रीको समान्य परिचय प्रस्तुत गरिएको छ । 'बसाई' उपन्यासको कथानकको विश्लेषण गरिएको छ । कथानकै लाई दुई खण्डमा विभाजन गरिएको छ । त्यस्तै केही प्रमुख पात्रको चरित्र पनि चित्रण गरिएको पाइन्छ ।

**ङ) जगन्नाथ पण्डितले बुटबल क्याम्पस बुलेटिनमा पनि उपन्यासकार लीलबहादुर क्षेत्री र 'बसाई'का सम्बन्धमा उल्लेखनीय चर्चा गरेको पाइन्छ ।**

**च) इन्द्रबहादुर राई नेपाली उपन्यासका आधारहरु :-**

यस पुस्तकमा उपन्यास लेखनको लागि आवश्यक पर्ने तत्वहरु समावेश भएका छन् । जसको आधारबाट उपन्यासहरुको विश्लेषण र वर्गीकरण गरेको पाइन्छ ।

**छ) चन्द्रकान्त पहाडी (२०६४ पृ. ११९ स्नात्कोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ' बसाई' उपन्यासको शैलीवैज्ञानिक अध्ययन) शोधपत्रमा भन्छन् -** "बसाइँ उपन्यासमा ग्रामीण जिवनको यथार्थता, समाजको आर्थिक असमानता, मानवतावादी दृष्टिकोणका साथै वास्नात्मक प्रेमप्रति घृणा भाव जागृत गराई मानवीय सम्वेदनलाई प्रस्तुत गर्नु यस उपन्यासको सारवस्तु हो ।"

अन्त्यमा यसरी लीलबहादुर क्षेत्रीको 'बसाइँ' उपन्यासको एकपक्षीय र संक्षिप्त अध्ययनहरु भएको पाइन्छ । त्यही अध्ययनहरुको सैद्धान्तिक चर्चा गर्ने क्रममा ऐतिहासिक रुपरेखा दर्शाउन अग्रसर भएको देखिन्छ । यस उपन्यासका बारेमा भएका अध्ययन विश्लेषण उपन्यास भित्रको चरित्र, भाषा शैली, मनोविज्ञान आदि जस्ता पक्षमा सीमित रहेको देखिन्छन् । हालसम्म पनि बसाइँ उपन्यासलाई सामाजिक विषयवस्तुका आधारमा अध्ययन

विश्लेषण गरिएको नपाइएकाले सामाजिक पक्षको केन्द्रीयताको आधारमा बसाइँको विश्लेषणात्मक अध्ययन गरी प्रस्तुत शोध प्रबन्ध पेस गरिएको छ ।

**१.६ शोधको औचित्य :-**

क्षेत्री आधुनिक नेपाली उपन्यास साहित्यका अथक साधक हुन । उनको 'बसाइँ' उपन्यास नेपाली उपन्यास विधाको एक प्राप्ति हो । औपन्यासिक परम्परामा यसको आफ्नै मुल्य र महिमा छ । नवीन विषय चिन्तन शिल्पका दृष्टिले यो स्तरीय उपन्यास हो । यस उपन्यासको गहन बिस्तृत र समष्टिगत अध्ययन नभएकोले प्रस्तुत शोधपत्र त्यही अभाव पूरा गर्ने उद्देश्यले देखिएको छ ।

'बसाई' उपन्यासमा पाइने समाजिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा व्यवस्थित तवरले यो शोधपत्र तयार पार्ने उद्देश्य लिएको हुँदा यो स्वतह नै औचित्यपुर्ण हुन सक्छ । यसका साथै क्षेत्रीका अन्य कृतिका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने पछिका प्रस्तावका सौद्धार्थी वा व्यक्तिहरुलाई पनि यो शोधपत्र मार्ग निर्देशन गर्नेछ भन्ने मलाई लागेको छ । यस अध्ययनले उपन्यासका विविध पक्षहरुलाई प्रकाश पार्दै नेपाली साहित्यको उपन्यास विद्यामा यसको मूल्य पुग्न सकनेछ ।

**१.७ शोधविधि :-**

प्रस्तुत शोधपत्रका लागि मूलतः पुस्तकालिय अध्ययन विधिका आधारमा पुस्तक पत्र-पत्रिका, समीक्षात्मक लेखहरु अध्ययन गरि सामग्री संकलन गरिएकिो छ । पुस्तकालीय विधिका अतिरित्त सम्भाव्य विशेषज्ञहरुबाट पनि आवश्यक सुझाव एवंम सल्लाह लिएको छ । प्राप्त सामग्रीहरुलाई वर्णात्मक एवंम विश्लेषणात्मक विधिद्वारा प्रस्तुतीकरण गरिएको छ । शोध सत्यापनका लागि सम्बद्ध विषयको क्रममा नै संकेत गरी अंक दिएर पादटिप्पणी राखिएको छैन ।

**१.८ शोधकार्यको सिमाङकन :-**

प्रस्तुत शोधक्षेत्रीको उपन्यास 'बसाई' (२०१४) उपन्यासमा पाइने समाजिक पक्षको विश्लेषणात्मक अध्ययनमा सीमित रहेको छ । यहाँ क्षेत्रीद्वारा लिखित यस उपन्यासको आकार, भाषा शैली, सन्देश र यसमा रहेका चरित्र आदिको अध्ययन गरी त्यसका पाइने सामाजिक पक्षको विशेषताहरुलाई पहिचान गरि स्पष्ट्याउने प्रयत्न गरिएको छ । उनी उपन्यासकार व्यक्ति हुन् । उनका अन्य कृतिहरुको विश्लेषण गरिएको छैन । केवल यो शोधपत्र क्षेत्रीको 'बसाई' उपन्यासमा प्रयुक्त समाजिक पक्षको विशेषताहरु उपन्यासको अध्ययन, मनन र चिन्तन गरेर त्यसै अनुसार विश्लेषण गरिएको छ । त्यही परिवेशमा अनुभुतिलाई दर्शाउने जमर्को गरिएको छ ।

**१.९ शोधपत्रको रुपरेखा :-**

यस शोधपत्रलाई व्यवस्थित रुप दिनका लागि सात अध्यायमा विभक्त गरि आवश्यकता अनुसार अन्य विभिन्न शिर्षक र उप शिर्षकहरु राखि विषय वस्तु समायोजन गरिएको छ । शोधपत्रको अन्त्य उपसंहार र निष्कर्ष राखिएको छ । यसको रुपरेखालाई निम्न अनुसार स्पष्ट्याउने काम गरिएको छ ।

**क) अध्याय - एक**

शोधपरिचय

**ख) अध्याय - दुई**

लीलबहादुर क्षेत्रीको जीवनी परक छोटो परिचय

**ग) अध्यायन - तीन**

क्षेत्रीको साहित्यिक यात्राको परिचय

**घ) अध्याय - चार**

उपन्यासको सैद्धान्तिक परिचय

**ङ) अध्याय- छौ**

'बसाई' उपन्यासमा पाइने सामाजिक पक्षको विस्तृत विश्लेषणात्मक अध्ययन

**च) अध्याय- सात**

१) उपसंहार र निष्कर्ष

२) सम्भाव्य शोधशिर्षक

३) सन्दर्भ सुची

# अध्याय-दुई

## उपन्यासकार लीलबहादुर क्षेत्रीको छोटो परिचय

### २.१ पृष्टभुमि :-

आधुनिक नेपाली साहित्यका क्षेत्रमा कलम चलाउने थुप्रै प्रवासी नेपाली स्रष्टा मध्येका उल्लेखनिय प्रमुख स्रष्टा हुन - लीलबहादुर क्षेत्री । नेपालबाट प्रवासी भएर आसाम पुगेका नेपालीहरुको समाजबाट देखापरेका नेपाली साहित्यका प्रतिभा लीलबहादुर क्षेत्रीको जन्म १९८९ विक्रम सम्वतमा आसामको गौवाहाटीमा भएको हो । अर्थशास्त्रमा एम.ए. पास गरेर गौवाहाटी विश्वविद्यालयमा प्रध्यापन गर्दै आएका क्षेत्री नेपाली उपन्यासका क्षेत्रमा पनि देखापरेका छन् ।

### २.२ जिवनपरक परिचय :-

उपन्यास लेखनका सन्दर्भमा समाजिक यथार्थवादी प्रबृति भित्र देखिएपनि उनमा आदर्शबादको झलक समेत देख्न समेत पाइन्छ । यस आधारबाट हेर्ने हो भन्ने उनी समाजिक यथार्थवादी आदर्शोन्मुख औपन्यासीक धाराका उल्लेखय स्रष्टा हुन । सामाजिक विषय वस्तुमा आधारित उपन्यास लेख्ने उपन्यासकार लीलबहादर क्षेत्री बहुमुखी प्रतिभाका धनि मानिन्छन् । थुप्रै कृतिका धनिका रुपमा लिन नसकिए पनि चोटीला कृतिकारकका रुपमा भने अवश्य लिन सकिन्छ । उनका बसाई (२०१४), अतृप्त (२०२६), ब्रह्मपुत्रका छेउछाउ (२०४३) जस्ता तीन औपन्यासीक कृतिहरु देखिन्छ भने ' दोबाटो (२०२३) नाटक पनि लेखेर आफुलाई नाटककारको पंक्तिमा पनि राख्न सफल भएका छन् । यसरी विविध विधामा कलम चलाएर आफुलाई स्थापित सशक्त साहित्यकारको रुपमा उभ्याउन सफल क्षेत्रीको एक कथा संग्रह तिन दशक : बिस अभिव्यक्ति (२०४०) पनि प्रकाशित भइसकेको छ । उपन्यासकार लीलबहादुर क्षेत्री आफु प्रबासी भएपनि नेपालको पुर्वी पहाडी क्षेत्रको

चित्रण गर्न ज्यादै सफल देखिन्छन् । उनका औपन्यासिक विशेषतालाई हेर्ने हो भने सामाजिक यथार्थवादी विषय वस्तुमा कलम चलाउने र त्यसमा आदर्शको सोर मिसाउनु, नेपालको पुर्वी पहाडी क्षेत्रको ग्रामिण परिवेश र प्रवासी नेपाली जीवनको परिवेशलाई जिवन्त चित्रण गर्नु, आर्थिक विषमताको फराकिलो खाडललाई देखाउनु, उपन्यासमा आञ्चलिकताको बढि प्रयोग गर्नु, त्यस्तै उनको नेपालको पुर्वी पहाडी भेग र आसामलाई कार्यपिढी बनाई त्यहाँको जनजीवन, रितिस्थिति, चालचलन र जिवनपद्धतिको अत्यन्त सजिव चित्रण गर्नु यिनका प्रमुख विशेषताहरु हुन ।

**२.३ निष्कर्ष :-** यसरी उपन्यासकार लीलबहादुर क्षेत्री प्रवासी माटोमा जन्मिए पनि साहित्यीक योगदान नेपालीबाटोमा नै रहेको पाइन्छ । 'बसाई' उपन्यासलाई राम्रो सँग विश्लेषण गरेर हेर्ने हो भने उनका माथि उल्लेखित सबै विशेषता भेटाउन सकिन्छ । कसैको अनुरोध पछि विषयवस्तुको खोजीमा निस्किएका क्षेत्रीलाई भेटिएका २ युवकको भेषभुषा र बोलीले विषयवस्तुको छनक दियो र उपन्यासको बिजारोपण भयो । यसबाट नै उनी सफल उपन्यासकार बन्न पुगे । यसबाट के प्रष्ट हुन्छ भने क्षेत्री सानो कुराबाट धेरै प्रभावित भई भावनामा बहकिन सक्ने स्रष्टा हुन भने कुरा सजिलै थाहा पाउन सकिन्छ । त्यसैले उनी सफल साहित्यकार हुन् ।

* * *

# अध्याय-तीन

## क्षेत्रीको साहित्यिक यात्राको परिचय

### ३.१) पृष्ठभूमि :-

लीलवहादुर क्षेत्रीको साहित्यिक यात्राको परिचय, नाटक र उपन्यास विद्यामा कलम चलाई साहित्य क्षेत्रमा बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्वका रुपमा सुपरिचित छन् । यिनले आयिनले आफ्ना रचनामा मूलतः सामाजिक याथार्थलाई बढी जोड दिएका छन् । खासगरी उपन्यासमा यिनको यो प्रवृति देखिन्छ । नेपाली साहित्यमा उपन्यासकारका रुपमा देखिएका क्षेत्रीका साहित्यिक यात्राका यहाँ संक्षिप्त विश्लेषण गरिएको छ ।

### ३.२) साहित्यिक यात्रा :-

सामाजिक विषय बस्तुमा आधारित उपन्यास लेख्ने उपन्यासकार क्षेत्री बहुमुखी प्रतिभाका धनी मानिन्छ । थुपै कृतिका धनीका रुपमा लिन नसकीय पनि चोटीला कृतिकारका रुपमा भने अवश्य लिन सकिन्छ । उनका 'बसाइँ'(२०१४), अतृप्त (२०२६) र ब्रम्हपुत्रका छेउछाउ (२०४३) जस्तास तीन औपन्यासिक कृतिहरु देखिन्छ भने 'दोबाटो' (२०२३) नाटक पनि राख्न सफल भएका छन् । यसरी विविध विधामा कलम चलाएर आफूलाई दर्विलो साहित्यकारको रुपमा उभ्याउन सपल क्षेत्रीको एक कथा स्रगह 'तीन दसकः विस अभिव्यक्ति' (२०४०) पनि प्रकाशित भै सकेको छ ।

### ३.३ उपन्यासकारको रुपमा क्षेत्री :-

नेपालभित्र र बाहिरको नेपाली समाज नेपाली जीवन नै लीलबहादुरको औपन्यासिक कर्मभूमि हो । उनका रचनामा भ्रुल्केको संसार हामी बाँचेको संसारको एउटा

सानो अंश हो, एउटा सानो देश जो करुण-करुण, उजाड र त्रासदिक छ र त्यहाँको जीवन बासिन्दा , मानिसहरु अन्तहीन अन्तको कथा-व्यथामा प्रवाहित छन् , विसर्जित छन ।

उपन्यासमा अंकित जीवन हेर्दा क्षेत्रीलाई करुणाका छविकार भन्न सकिन्छ । परम्पराको रुपमा बाङ्गदेललाई यस प्रवृतिको उदगमस्थद मानेर यसै धारामा जन्मेका क्षेत्री कोमल-करुणा भावका अर्को उपन्यासकार हुन् । दुःख, कष्ट, कमजोरी,विचिलता आदि मानवीय चारित्रिक यथार्थको अन्तरालबाट निस्केको यस धाराका बाङ्गदेल अनुभूतितरङ्ग हुन् - स्पर्शचित्र भने क्षेत्री पूरा प्रबाह हुन ।

**३.४ निष्कर्षमा :-**

साहित्यकार क्षेत्री नेपाली साहित्यको बहुमूखि प्रतीभा हुन । यिनले कथा , नाटक , उपन्यास आदि विविध विधामा कलम चलाएका हुन् । जगदम्बा प्रकाशनबाट २०१४ सालमा प्रकाशित 'बसाई' उपन्यास उनको प्रथम उपन्यास हो । यिनी आदर्शोन्मुख यथार्थवादी बाटो समातेका छन । सामाजिक र वैयत्तिक  जीवनलाई मूल्याउने यथार्थ पृष्टभूमिमा क्षेत्री न पूर्णतया तटस्थ छन न त प्रत्यक्ष आरोपित । उनको यथार्थ वस्तुको स्वायत्तता र स्वभामिकताको समादार गर्दै अभीष्ट प्राप्तिमा सचेत रहेको संलग्नता अन्तर्गत प्रकट हुन्छ । उनी सामाजिक तह र चारित्रिक मानसिक दुवैको यथार्थलाई महत्व दिन्छन् । यिनको साहित्यिक व्यक्तित्व मात्र नभएर सामाजिक व्यक्तित्व पनि चिरपरिचित रहेको छ । विभिन्न साहित्यिकारहरुको प्रेरणा प्रभावमा साहित्यको रचना गरेका क्षेत्रीको मौलिक चिन्तन र प्रखर विचारहरु अत्यन्तै महत्वपूर्ण सावित भएका छन् ।

## अध्याय-चार

## उपन्यासको सैद्धान्तिक परिचय

### ४.१ उपन्यासको परिचय

पूवीय तथा पाश्चात्य साहित्य उपन्यास विधाको अध्ययन धेरै पहिलादेखि नै भएको पाइन्छ । संस्कृत साहित्य उपन्यास शब्दको प्रयोजनपरक अर्थ यसरी गरिएको छ - उपपत्ति कृतो हो , अर्थ उपन्यास साङ्कीर्तिता अर्थात कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने उपन्यास हो भन्ने अर्थ निर्धारण गरिएको छ । अथवा  जीवनको सत्य पक्षलाई भाषाद्धारा आफ्नै नजिकमा विन्यास गरिनु उपन्यास हो । जुन प्रस्तुत छ त्यो आफैमा जीवनको प्रतिरुप भएर समीपमा अभिव्यक्ति गदौ जानु उपन्यास हो भन्ने कुरा प्रष्ट हुन्छ ।

जीवनको इतिवृतलाई संवहन गर्ने क्रममा पश्चिमी साहित्यका इतिहासलाई पनि यहाँनेर स्मरण गर्नु सान्दर्भिक देखिन्छ । अख्यान विधा अन्तगर्त पर्ने उपन्यास पाश्चात्य साहित्यमा धेरै विकसित विधाको रुपमा मानिन्छ । अग्रेंजी साहित्यमा आज नोवेल (Novel) शब्द ल्याटिन भाषाको नोवोस (Novows) अर्थात नोवलस ( Novallows) बाट विकसित भएको मानिन्छ । यसै ल्याटिन भाषाबाट विकसित हुँदै फ्रान्समा पुगेका नोवेल्ला (Novallows ) शब्द उपन्यासका अर्थमा प्रयोग हुन पुगेका छ । आज नोवेला (Novella) शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ । यसको ल्याटिन मूलक अर्थ के हो भने नोवेल अर्थात् समाचारपत्र । समाचारपत्रलाई सङ्केत गर्न नोवेला ( Novella) शब्द प्रयोथ हुन्थ्यो । त्यसको सामान्य अर्थ केवल घटनालाई समाचारका रुपमा सम्प्रेषित गर्नु भन्ने हुन्थ्यो । तर यसको अर्थगत प्रयोजनीयता आज अर्कै भएको छ - अथवा घटना , वस्तु , पात्र , परिवेश ,कुतहूलता , द्धन्द्ध प्रस्तुति विशेष समेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ । आज उपन्यास शब्दले गद्यात्म अख्यानको  जीवन सापेक्ष प्रस्तुती हो भन्ने कुराको बोध गराउँछ ।

उपन्यास साहित्यको आख्यान विधा अन्तर्गत पर्दछ । साहित्य समाजको दर्पण मानिन्छ । उपन्यासको पनि साहित्यको एक विधाको रुपमा समाजलाई चित्रण गर्दछ । उपयुक्त उपन्यासको परिचयलाई दृष्टिगत गर्दा उपन्यासको केही अङ्गहरु अंगिकार गरेको हुन्छ । उपन्यासका अङ्गहरु अन्तर्गत घटना , दृश्य स्थान चरित्र , उद्देश्य आदिको संगठनबाट परिपूर्ण मनोर ञ्जनात्मकता व्यापक परिवेश बन्धहीनता जीवन र जगतको निकटतम चित्रण हुनाले बढी यथार्थ प्रयोगधर्मी सम्भावनाले गर्दा सधै नवीन अतिगहन र सूक्ष्म साहित्यिक विधा नै उपन्यास हो भन्न सकिन्छ ।

## ४.२ पूवीय मान्यतागत उपन्यासको व्युपतिगत अर्थ :-

अस धातुमा 'उप' निः उपसर्ग र घञ (अ) प्रत्यय जोडिएर उपन्यास शब्दको निर्माण भएको छ । उप + न्यासको योगबाट बनेको यो शब्दमा 'उप' को अर्थ नजिक र 'न्याय' को अर्थ ल्याएर राख्नु भन्ने हुन्छ । माथिकै व्युत्पतिगत अर्थले मात्र उपन्यासको अर्थ स्पष्ट हुँदैन । उपन्यासको व्युत्पादन प्रकृयालाई बुझ्न यसको गहिराई सम्म पुग्नु पर्ने हुन्छ । त्यसैले उपन्यासको व्युत्पति सम्बन्धमा विभिन्न विद्धानहरुले प्रकट गरेका धारणहरुलाई यहाँ समेटिएको छ ।

" 'उपन्यास' शब्द 'उप' र 'नि' उपसर्ग 'अस' धातु र 'घञ' प्रत्ययको योगबाट बनेको हो । 'उप' को अर्थ नजिक र 'न्याय' भनेको राख्नु हो । यसरी कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ" ( डा.हिमाशु थापा , २०४३, चौथो संस्करण , साहित्य परिचय ) ।

पूवीया साहित्यमा उपन्यासको अर्थ प्रसन्न गराउनु हो । उप (असीम) न्याय (राख्नु) अर्थात यक्तिगत कलात्मक ढङ्गले कुनै वस्तुलाई गद्यमा सरस बनाएर राख्नु उपन्यास हो । -पराजुली बीसौ संस्करण , सहयोगी प्रेस , त्रिपुरेश्वर , पृष्ठः२९५ , राम्रो रचना निठो नेपाली ) ।

संस्कृत साहित्यमा उपन्यासलाई विभिन्न अर्थमा प्रयोग गरिएको छ । भरत मुनिले कुनै अर्थलाई युक्तियुक्त रुपमा प्रस्तुत गरिने नाटकको प्रतिमुख सन्धिको एउटा उपभेदका रुपमा लिएका छन् । (पराजुली , पूर्ववत्)

'अमरकोष' मा उपन्यासलाई वाङ्मयका रुपमा प्रयोग गरिएको छ । काव्यलङ्कारमा विन्यास तथा स्थापना , काव्य दर्पणमा स्थापना वा ज्ञापन महाभाष्यामा कथन , किराँतार्जुनीयमा उदाहरण र अभिज्ञान शाकुन्तलममा कल्पित उपन्यासको शास्त्रीय रुपमा प्रतिष्ठापना नभइन्जेलसम्म पूर्वीय साहित्यमा उपन्यास एक प्रकारको घटना र विषयवस्तु नियोजन भएको अनुभव हुन्छ । (प्रतापचन्द्रसिंह प्रधान २०४० , दयाप्रकाशन , दार्जिलिङ्ग , नेपाली उपन्यास परम्परा र पृष्ठभूमि) ।

उपर्युक्त धारणाहरुलाई नियाल्दा पुर्वीय साहित्यमा उपन्यासको शाब्दिक र आर्थिक एकरुपता नभएको देखिन्छ । हिजोको औपन्यासिक अर्थले आजकोलाई समेटन सकेको छैन । आजको उपन्यासले गद्य साहित्यको एउटा छुट्टै विधाको रुपमा स्थापित भइसकेको कुरा निर्विवाद भइसकेको छ ।

**४.३ उपन्यासका परिभाषाहरु :-**

उपन्यास विधाको जन्मकाल देखि हाल सम्मका परिभाषाहरुमा एकरुपता पाइँदैन । समयको परिवर्तन सँगसँगै उपन्यासको परिभाषा पनि बदलिँदै आएको पाइन्छ । केही पुर्वीय तथा पाश्चात्य शब्दकोषका परिभाषाहरुलाई अध्ययन गर्दै निष्कर्षसम्म पुग्नु यस सन्दर्भको आधारभुत लक्ष्य रहेको छ ।

**क**) बृहत र बृहत्तर अख्यानात्मक रचनाको प्रस्तुती उपन्यास हो ।

(**क्यानबृज इनसाइकलोपेडिया**)

**ख**) बृहत्त आकार भएको गद्याख्यान अथवा वृतान्त जस अन्तर्गत

बास्तविक जिवनको प्रतिनिधित्व गर्ने पात्र चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको छ ।

(**न्यु इङ्लिस डिक्सनरी** )

**ग**) उपन्यास (Novel) साहित्यको अठारौँ शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ । (उदाहरणका लागि रविन्स क्रुसो, टाम जोन्स जस्ता बृहत उपन्यास र चार्ल्स डिकेन्स बाल्जाक, जोला र दस्तोभस्की जस्ता स्रष्टाका आख्यान रचना सफल उपन्यासहरु हुन् ।

(**विश्व युनिभसिटी इन्साइकलोपिडिया** )

**घ**) म उपन्यासलाई मानव जीवनको चित्र मान्छु । मानवचित्र माथि प्रकाशन पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासका मूल काम हो ।

(**प्रेमचन्द्र , हिन्दी साहित्यकोश** )

**ङ**) उपन्यासको कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाही त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ । हामी त्यसै भित्र हराएर सन्तोष प्राप्त गर्न पुग्दछौं ।

**च**) (डा. गोपाल राय, पूर्ववत ३) उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो । जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रत्यन अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पुर्ण मनुष्य जीवित मनुष्यको संसार हो ।

**छ**) उपन्यास भनेको जीवनको यथार्थलाई भाषामा उतार्ने विधा हो । जीवनको प्रतिविम्ब गर्न सक्ने आख्यानात्मक रचना उपन्यास हो ।

र साँचो एवं सफल उपन्यास जीवनको मार्ग दर्शक बन्न सक्छ।

राई, नेपाली उपन्यासका आधारहरु, पृ. ४०

**ज**) कुनै शाश्वत मानवीय कर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान बनाउँछ। (त्रिपाठी, २०२८)

**झ**) बहुविध सरचनात्मक एकाईद्वारा हेरक अङ्ग परम्परामा श्रृङ्खलाबद्ध भई निश्चित मुल्य प्राप्त गरेको तथा व्यापक परिधि भरिको समय र स्थान भित्र विस्तारित भएको काल सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ। ।

(**श्रेष्ठ र शर्मा नेपाली साहित्यको संक्षिप्त इतिहास**)

**ञ**) पुर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको अख्यानात्मक रचनालाई उपन्यास भनिन्छ।

(**सुवेदी २०५३ नेपाली उपन्यास परम्पार प्रवृति**)

**ट**) उपन्यासका सीमा असिमित हुने हुनाले यसको रचना गर्दा लेखकले आफ्नो स्वतन्त्रताको मनग्य प्रयोग गर्न पाउँछ। अरु विधामा आकार शिल्प तथा शैलीको बन्धन नमानी हुन्न। तर उपन्यासका निम्ति कुनै किसिमको  छेकबार छैन त्यसैले यसमा महाकाव्यको उदात्तता, प्रबन्धको कटुता, निबन्धको निजात्मकता, नाटकको सक्रियता, गिति काव्यको तीक्ष्णता, ब्यङ्ग्य काव्यको सरलता ती सबै विशेषता समावेश भएका हुन्छन्।

(**इश्वरबराले झ्यालबाट**)

उपर्युक्त उपन्यासका परिभाषाहरु अध्ययन गर्दा उपन्यास  साच्चिकै एउटा जीवनको यथार्थ पक्षलाई तारतम्य मिलाएर प्रस्तुत गर्ने रचना हो। यसले  समाजको समाजिक, आर्थिक संस्कृतिक, राजनीतिक आदि पक्षलाई उदघाटन गर्दा विधिमुताविक

विभिन्न शिल्प विचार र परिवेशलाई समेटेको हुन्छ । जीवनको जटिलता समाजको उभोगति आदिले स्वभाविक परिवर्तन सँगसँगै उपन्यासले पनि समय सापेक्ष आफ्नो आवरन, आह्यान, परिभाषाजस्ता रुपहरुमा नवीनता थप्दै गएको हुन्छ ।

## ४.४ उपन्यासका तत्वहरु :-

उपन्यासका तत्वहरु भन्नाले उपन्यास निर्माण गर्नमा आवश्यक पर्ने औपन्यासिक तत्वहरु बुझिन्छ । उपन्यास निर्माणका लागि निर्धारित आधारहरु प्रयोग भएन भने विधागत रुप उद्देश्य तथा प्रभाव दिन सक्दैन । उपन्यास निर्माणको आधुनिकता मान्यता अनुरुप निम्नानुसर तत्वहरुको संक्षिप्त चर्चा यहाँ गरिएको छ -

### ४.४.१ विषयवस्तु :-

विषयवस्तु भनेको उपन्यासमा घटने घटनाहरुको श्रृङ्खलाबद्ध साधन हुन । विषयवस्तुले उपन्यासको ढाँचा निर्माण गर्ने प्राथमिक तत्वको काम गर्दछ । बराल र नेत्र एटम, पूर्ववत, पृ. २२) घटनाहरुलाई परस्परमा उनेर सम्बन्ध जोडने र सुसंगठित प्रदान गर्ने काम विषयवस्तुले कल्पनाजस्ता विशेषता रहेका हुन्छन । विषयवस्तुले उपन्यासलाई प्रारम्भिक तहबाट क्रमश : अन्तिमक चरण तिर लग्ने गर्दछ ।

विषयवस्तु निर्माणका लागि समाजिक, ऐतिहासिक, अनुभव, मिथक, स्वरकल्पना आदि स्रोत लिन सकिन्छ । विषयवस्तुमा विभिन्न अङ्ग, उपअङ्गहरु समायोजन भई भरिपुर्ण अवस्थामा रहेको विष्यवस्तुमा, आरम्भ सँघर्ष विकास उत्कर्ष उत्कर्षहासँ र उपसंहार गरी पाँच चरण हुन सक्दछन । त्यसैगरी विषयवस्तुलाई रैखिक र वृताकारीय ढाँचामा निर्माण गर्न सकिन्छ भने विषयवस्तुलाई आदि मध्य र अन्त्यलाई जोडने सरल रेखाको ढाँचचा अँगालिएको छ भने त्यसलाई रैखिक ढाँचा भनिन्छ भने कथानकलाई पुर्पदिप्ति शैलीमा घुमाएर क्रमबद्धता विचलन ल्याइन्छ भने त्यसलाई

वृताकारीय ढाँचा भनिन्छ । (बराल र एटम, पृ.२७) सुव्यव्यस्थित, सरल र संयुक्त, सुखान्त र दु:खान्त, व्यङ्गयात्मक र रचनात्मक गरी धेरै प्रकारका हुन्छन् ।

**(बराल र एटम, पृ.३०)**

**४.४.२ चरित्र वा पात्रविधान :-**

उपन्यासका विभिन्न उपकरणहरु मध्ये चरित्र पनि महत्वपुर्ण मानिन्छ । उपन्यास भित्र कुनै विशेषता बुझाउने व्यवस्थित रुपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र मानिन्छ । उपन्यासलाई सजिब बनाएर कथानकलाई गति दिने महत्वपुर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै पात्र स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ । उपन्यासमा प्रयोग गरिने चरित्रहरु जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नता आरोपन गरिएको पाइन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रका गुणहरु फेरिन पुग्दछन ।

चरित्रका केही प्रकारहरु निम्न प्रकारका छन् -

**क)** गतिशील र गतिहीन

**ख)** यथार्थ र आदर्श

**ग)** अन्तर्मुखी र बहिर्मुखी

**घ)** गोला र च्यापटा

**ङ)** सार्वभौम र आञ्चलिक

**च)** पारम्परिक र मौलिक

यसैगरि चरित्रचित्रणलाई अन्य आधारबाट पनि निर्धारण गर्न सकिन्छ-

**क)** लिङ्गका आधारमा

**ख)** स्वभावका आधारमा

**ग)** जीवनतेनाका आधारमा

**घ)** आसन्नताका आधारमा

ङ)	आबद्धताका आधारमा

मानव जीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्राप्त र देशान्तर, प्रवृति र पुस्ता जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हुन् । व्यक्तिको चरित्र बाह्य रुपमा प्रकट हूँदा समाजिक तत्वमा रुपान्तरित हून्छ । आ- आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित हुन्छन्  र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखा पर्दछन् । यी विविधताका कारणले नै मान्छे मान्छेमा व्यक्तिकताले मान्छेलाई मौलिकता प्रदान गर्दछ ।

यसप्रकार चरित्र भन्नाले उपन्यासमा कुनै पनि परिवेश, वातावरण संस्कृति र परम्पराबाट टिपिएको मानवीय वा मानवेत्तर साधन नै सिंङगो समाजको, वर्गको परिवेशको विशेषता बोकेर प्रतिनिधित्व गरेको हुन्छ । उपन्यासमा उपस्थित भएको चरित्रकै माध्यमबाट समाजमा प्रत्यक्ष वा परोक्ष  रुपमा राम्रा नराम्रा असरहरु पर्न गएका हुन्छन्  र तिनै चरित्रबाट निसृत विचारहरुको सहयोगमा उपन्यासकारहरु उपन्यासको निर्माण गर्दछन् । उपन्यासका पात्रहरुलाई लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना आदिका आधारमा वर्गिकरण गर्न सकिन्छ । गतिशिल, गतिहिन, यथार्थ आदर्श, अन्तर्मुखी, बहिर्मुखी आदि चरित्रका विभिन्न प्रकारका हुन् ।

**४.४.३ संवाद वा कथोपकथन :-**

पत्र वा चरित्रहरु बीच परस्पर हुने कुराकानीको आदानप्रदानलाई नै संवाद वा कथोपकथन भनिन्छ । पात्रका आन्तरिक वा बाह्य जगतका जटिलता, कुण्ठा, वितृष्णा आकर्षण र उत्साहका प्रसङ्गहरु उपन्यासका पात्रहरुको संवादबाट ब्यक्त हुदै जान्छन् । पात्रअनकूलका संवाद र आत्मसलाप, मनस्सङ्घात अन्तर्मुखी प्रवृतिका मूल्यहरु पनि कथोपकथन कै माध्यमबाट व्यक्त हुन्छन् । कथोपकथनको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु, घटनाहरुलाई नाटकीकरण गरेर अगाडि लैजानु हुन्छ । थापा कथोपकथन एक

नाटकीय तत्व हो । नाटकमा अभिनयद्धारा बताइने कुरा उपन्यासमा संवादद्धार चित्रित गरिन्छ भन्ने कथन सर्वथा सत्य हो । (सुवेदी,पृ.१८) संवादकै माध्यमबाट पाठकलाई कौतुहलता, रोचकताको भाव उत्पन्न गराउँछ । अतः संवाद उपन्यासमा नभई नहुने प्रमुख उपकरणहरुको रुपमा मानिन्छ ।

**४.४.४ द्धन्द्ध :-**

उपन्यासमा कथावस्तु सँग जोडिएर पात्रहरुबीच वैचारिक उतारचढावलाई द्धन्द्ध वा सङ्घर्ष भनिन्छ । द्धन्द्धलाई पनि विभिन्न तहमा विभक्त गर्न सकिन्छ । मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखा पर्ने द्धन्द्ध , मान्छे मान्छे सँगका विषमताका कारणले दुवैमा वैमनस्य जन्माउने द्धन्द्ध र मान्छेको आफैभित्र देखा पर्ने तनावमूलक द्धन्द्ध यसरी पात्रहरुमा द्धन्द्ध विभिन्न कारणले हुने गर्दछ ।

**४.४.५ देशकाल वा परिवेश :-**

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्य पीठिका हो । यही कार्य पीठिका प्रभावित पार्ने काम परिवेशले गर्दछ । कस्तो वातावरण के बोल्नुपर्ला - नेपाली त्यस विषयमा पात्रहरु सचेत रहनु पर्ने हुन्छ । साथै साहित्य समाजको दर्पणको जस्तो काम गर्ने हुनाले उपन्यासमा परिवेश समेटिएन भने कुन समयको कुन समुदायको कस्तो स्पिति रहेको छ भन्ने विषयमा सहज जानकारी प्राप्त हुन सकदैन् ।

**४.४.६ भाषाशैली :-**

भाषा मानवीय संवेदनाहरुको विनिमय गर्ने साधान हो । भाषाले नै साहित्यिक विधाको मूर्त रुप प्रदान गरेको हुन्छ । उपन्यासले गद्य भाषाको प्रयोग गरेर समाजका सवै वर्गका विचारहरुलाई समेटेको हुन्छ । अन्य विधा भन्दा जीवनको विस्तृत आयामलाई समेटने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । उपन्यासमा विशिष्ठ किसिमको भाषाको प्रयोग पनि हुन सक्दछ । साथै यसमा भाषिकाहरुको पनि प्रयोग हुन सक्छ । भाषिक कलाको अभिव्यक्ति गर्ने सन्दर्भमा सर्जकको कथन ढाँचा वा ढङ्गलाई

शैली भनिन्छ । उपन्यासमा विभिन्न अलङकारहरुको प्रयोथ पनि पात्रहरुको संवादबाट भएको हुन्छ । उपन्यासमा व्यास शैली र समाज शैली गरी दुई प्रकारका शैलीहरु हुन्छन् । वाक्य गठनका दृष्टिले शैली सरल र गुम्फित गरी दुई प्रकारका शैलीहरु हुन्छन् । यी दुवै शैलीहरुको प्रयोग उपन्यासमा गरिएको हुन्छ । (वराल, एटम, पूर्वावत, पृ.४०-४१) भाषा भावका अभिव्यक्त गर्ने माध्यम भएको हुनाले उपन्यासको निर्माणमा नभई नहुने तत्वको रुपमा मानिन्छ ।

**४.४.७ उद्देश्य :-**

स्रष्टाले कुनै न कुनै विचार राखी साहित्यको सिर्जना हुने स्थिति पनि आएको हुन्छ । यसले लेखकको जीवन दर्शनको भार पनि वहन हुन्छ । (वराल, एटम, पूर्ववत पृ. ३८) उपन्यासमा लेखकको जीवनप्रति दृष्टि प्रत्यक्ष र परोक्ष्य गरी दुई प्रकारकाबाट व्यक्त भएको हुन्छ । प्रत्यक्ष विधिमा लेखकले औपन्यसिक कथा घटना पात्र र कथ्यप्रति विभिन्न टीकाटिप्पणी र विश्लेषण गरेको हुन्छ भने परोक्ष्य विधिमा प्रत्यक्ष उपन्यासकारले कुनै पात्र, घटना आदिका वर्णन गरेको हुदैन (सुवेदी पूर्ववत पृ.२०) उपन्यासमा खासगरी सामाजिक समस्या र व्यक्तिका जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रण जीवन र समस्याहरु यथातथ्य वर्णन मात्र नभएर तिनीहरुले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् र (थापा, पूर्ववत, पृ.१४०-१५०) स्रष्टा आफूले भोगेक भ्भेलेका बुझेका कुराहरुबाट प्रभावित भई पाठक वा सबैका हितमा मार्ग दर्शन नै विचार वा उद्देश्यको रुपमा जाहेर गरेको हुन्छ ।

**४.४.८ कौतूहलता :-**

पाठकमा जिज्ञासा भावन जगाइ राख्न मूल र गौण प्रसङ्गहरुलाई मूल कथासँग जोडेर पढ्ने अभिरुचि पाठकमा जगाइ राख्न मद्दत गर्ने तत्वको नाम कौतुहलता हो । 'हतेरी' यस्तो पो, अनि के भयो त ? आम्मै नि, अनि के भयो होला ! भन्ने कुराको तरङ्ग

मनमा जगाइ राख्न सक्ने तत्वको निरन्तर सन्निवेशले नै उपन्यासलाई जीवन्त बनाउँछ । ( सुवेदी, पृ.२६)

उपन्यासको आकृति ठूलो हुन्छ । त्यसमा मूल घटनाको साथ-साथै सहायक घटनाहरु पनि समावेश रहेका हुन्छन पाठकलाई यसपछि के भयो होला ? भन्ने किसिमको मनमा प्रशन उठ्नु मानवीय प्रवृति हो । प्रश्न गर्नु , जान्न खोज्नु, कुनै कुरा किन, कहाँ, कसरी भन्ने किसिमको जिज्ञासाले सम्बन्धित विषयमा मात्र पाठकले स्पष्ट विषयवस्तु वारे वुझन सक्छ । तसर्थ उपन्यासमा कौतुहलता हुनु आवश्यक मानिन्छ ।

**४.४.९ प्रतीक र बिम्बविधान :-**

उपन्यासलाई सिंगार्ने कलात्मकलाको आधार नै प्रतिक र बिम्ब हुन् । प्रतीक भनेको अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । उपन्यास पनि आफैमा एक भाषिक प्रतीक हो । जसमा विभिन्न घटनावस्तु प्रतीकका रुपमा व्यक्त भएका हुन्छन् ।

विम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाँया हो । उपन्यासमा यस्तो छाँया बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट पाठकका मस्तिष्कमा कुनै स्थिति स्थान, घटना र पात्रको यर्थाथ सादृश्य छाँया परिदिने पद्धतिलाई बिम्ब विधान भनिन्छ । बिम्बले भाषा र कथ्यलाई एकाकार पार्छ । यसप्रकार प्रतीक र विम्ब विधान उपन्यासका लाथि आवश्यक हुन्छ । यसरी माथि उल्लेखित उपन्यासका विभिन्न आवश्यक उपकरणहरुका आधारमा औपन्यासिक कृतिका रचना गर्न सकिन्छ ।

**४.४.१० दृष्टिविन्दु :-**

उपन्यासमा लेखकले कुन स्थानमा रहेर कसको कथा भनिरहको छ भन्ने कुरा दृष्टिविन्दुले जनाउँछ । दृष्टिविन्दु वाह्य वा तृतिय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छ । वाह्य दृष्टिविन्दुमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ भने आन्तरिक दृष्टिविन्दु कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यास भित्र

संलग्न गर्छ (डा. हिमाशुं थापा, पूर्ववत् पृ.१४४) दृष्टिविन्दुलाई पनि एक महत्वपूर्ण औपन्यासिक तत्व मानिन्छ ।

**४.५ निष्कर्ष :-**

उपन्यास शब्द संस्कृतको तत्सम शब्द भए पनि उपन्यास विधा पश्चिात्य साहित्यको देन हो । प्राचीन आख्यान परम्परा युरोपबाटै विकास भएको भए पनि आधुनिक उपन्यास एसियाको जापानमा जन्मियो बेलायतमा हुर्कियो र त्यहाँबाट संसारभरी प्रचारित भयो । उपन्यासलाई विभिन्न विद्वानहरुले परिभाषित गरेका छन् । ती सबै परिभाषलाई केलाएर अध्ययन गर्दा उपन्यासलाई निम्नानुसार पहिचान गर्न सकिन्छ - " जीवन र जगतमा शाश्वत मुल्यहरुलाई रंगात्मक अनुभुतिले सजाएर सिर्जना गरिएको दीर्घ आख्यानात्मक संरचना गद्यात्मक कृति नै उपन्यास हो । उपन्यास रचनाका आधारभुत तत्वका बारेमा पनि सबै विद्वानहरु एकमत छैनन् । यहाँ विभिन्न विद्वानहरुका विचारलाई मनन गर्दै :-

**क.** विषयवस्तु **ख.** चरित्रचित्रण

**ग.** संवाद वा कथोपकन **घ.** द्वन्द्व

**ङ.** परिवेश **च.** उद्देश्य

**छ.** कौतहल **ज.** दृष्टिविन्दु

**झ.** दृष्टिविन्दु **ञ.** प्रतिक र बिम्बविधान

माथि उल्लेखित उपन्यासका विभिन्न आवश्यक तत्वहरुका आधारमा औपन्यासिक कृतिको रचना गर्न सकिन्छ ।

# अध्याय- पाँच

# नेपाली उपन्यासको विकासक्रम

## ५.१ प्राथमिक काल ( १८२७ देखि १९४५ सम्म ) :-

उपन्यासको प्राथमिक कालमा औपन्यासिक कृति नभएर पनि नेपाली उपन्यासको पुर्वाधार भन्ने निश्चय नै मानिन्छ । उपन्यास लगायत अन्य आख्यनिक विधाको पूर्वाधारको रुपमा नेपाली उपन्यासमा सर्वप्रथम शक्ति बल्लभ अर्यालको 'महाभारत विराट पर्व' ( वि.स. १८२७) र उनकै नाटयकृति 'हितोपदेश मित्रलाभ' वि.स. १८३३) संस्कृतबाट यथष्ट प्रभावित देखिन्छ । (डा. श्रेष्ठ), नेपाली साहित्यको संक्षिप्त इतिहास पृ. १०० ) त्यस्तै महाभारतबाट उद्धृत गरिएको ' लक्ष्मीधर्म संवाद' (वि.स. १८५१) द्वारा रामभद्र उपाध्यायले आख्यानलाई केही अघि बढाएको पाइन्छ । भने वि. स. १८२७ मा लिखित पिनासको कथा, मुद्राराक्षस, सुन्दरानन्द वाडाको त्रिरत्न सौन्दर्यगाथा, अध्यात्म रामायण, बृहत्तर सुगाको कथा (वि.स. १९९३) आदि रचनाले नेपाली आख्यानको गतिशिल परम्परालाई थप बल प्रदान गरेको देखिन्छ । उपर्यूक्त केही रचना बाहेक नेपाली आख्यान परम्परामा उल्लेख्य औपन्यासिक कृति यस अवधिमा प्राप्त हुन सकेको देखिदैन । ऐतिहासिक दृष्टिबाट हेर्दा पृष्ठभुमि कालमा वि.स. १८७५ को दशकुमार चरित पछि यही अध्यात्म रामायणले नै नेपालीइ उपन्यासका पृष्ठभुमि तयार पारेको देखिन्छ ।

यसप्रकार जम्मा ११८ वर्षको समयावधिमा उपन्यासको जन्मको आधार बन्ने काम मात्र भयो । यस कालमा देखापरेका साना तथा ठुला आकारका आख्यानहरुले नेपाली उपन्यासको विकासमा जग बसालेको देखिन्छ ।

**५.२ माध्यमिक काल (१९४६- १९९०) :-**

नेपाली उपन्यासको विकासक्रममा माध्यमिक काल वि. स. (१९४६-१९९०) सम्मको समयावधि हो । विभिन्न पृष्ठभुमि एवं विदेशी प्रभावका फलस्वरुप वि.स. १९४६ मा विरसिक्का प्रकाशित भएपछि नै आख्यान उपन्यासको स्वरुप निर्धारणको प्रयास थालनी गरी काल्पनिकताको सृष्टिमा रमाउन थालेको हो । प्राथमिककालकै धार्मिक, पौराणिक, आख्यान परम्पराबाट अलग्गिदै सर्वथा मनोरञ्जन प्रधान श्रृङ्गारिक धारामा बगेर लेखिएका आकाश पातालका मनोरञ्जनपुर्ण साहित्यिक रचनाहरु देखा पर्न थाले । जासुसी, तिलस्मी, ऐयारी आख्यानहरु यस समयको मुख्य धारा रहन गयो । माध्यमिक कालीन उपन्यासको प्रवृतिहरु यसप्रकार देखिन्छन् ।

१. अनुवादको प्रधानता कायम हुनु ।

२. उपन्यासको विषयवस्तु विभिन्न श्रोतबाट ग्रहण गर्नु ।

३. काल्पनिक, असम्भव, अलौकिक एवं अतिमानविय घटनाको प्रस्तुतिकरण गर्नु ।

४. युगचेतनाको न्युनता झल्किनु ।

५. नीतिवादी र सुधारवादी स्वर स्पष्ट देखिनु ।

६. धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, मनोरञ्जनात्मक र समाजिक सुधारको मुल स्वर देखिनु ।

आदि प्रवृतिहरु नै माध्यमिककालीन नेपाली उपन्यासले बहन गर्ने मूल प्रवृतिक रुपमा रहेका छन् । 'विरसिक्का'(१९४६) 'विरचरित्र'(१९६०), 'महेन्द्र प्रभा' (१९९५) 'महारानी प्रियम्बदा' (१९७३) आदि उपन्यासहरु यस युगका प्रमुख हुन । यस कालमा उपन्यासहरु विभिन्न भाषाबाट अनुवाद भएतापनि प्रकाशनको युगले यस समयमा महत्वपुर्ण भुमिका निर्वाह गरेको छ । आधुनिक कालको लागि द्वार खोलेको छ ।

## ५.३ आधुनिक काल (१९९१ देखि हालसम्म) :-

आधुनिक भनेको नौलोपन हो र अहिले वर्तमानको समयलाई पनि आधुनिक भनिन्छ । नेपाली साहित्यमा आधुनिक उपन्यासको इतिहास एक शताब्दी पुरानो पनि छैन । वि.स. साल अघि नेपालीमा लेखिएका आख्यानहरु पुर्णत रुपमा उपन्यास बन्न सकेका छैनन् । 'रुपमती' (१९९१) उपन्यासले मात्र आधुनिक नेपाली उपन्यास परम्पराको सुत्रपात गरेको हो ।

वि.स. (१९९१) मा प्रकाशित 'रुपमती' मा सर्वप्रथम समाजिक यथार्थवाद पाउनु नै आधुनिकताको लक्षण थियो । परिवेशगत चेतना र मानवीय मुल्यको अर्न्तभाव पाउनु यस चरणको चरणगत विशेषता रहेको देखिन्छ । विकासको क्रमिक इतिहास भित्र अनेक प्रवृति तथा परम्पराको स्थापना भइरहेको देखिन्छ । पाण्डेको रुपमतीबाट आधुनिकताको वरण भएपछि आधुनिक काल सँग आदर्शोन्मुख यथर्तावादीको जन्म भएको देखिन्छ ।

विचारको उत्तरोतर विकासको क्रममा आधुनिक नेपाली उपन्यासले धेरै विचार धाराको जन्म दिँदै गइरहेको देखिन्छ । यसकाललाई यथार्थवादी धारा, आदर्शवादी धारा, स्वच्छन्दतावादी धारा, विसङ्गतिवादी अस्तित्ववादी धाराका विकास हूँदै गइरहेको छ । यिनीहरुको संक्षिप्त परिचय दिनु यहाँ सान्दर्भिक देखिन्छ ।

## ५.४ आधुनिक नेपाली उपन्यास परम्परामा देखापर्ने विभिन्न धाराहरु :-

### ५.४.१ आदर्शोन्मुख यथार्थवादी धारा :-

रुद्रराज पाण्डेद्वारा लिखित रुपमती (१९९१) मा उपन्यास प्रकाशित भए पश्चात आदर्शोन्मुख यथार्थवादी धाराको शुरुवात भएको हो । यस धारामा

आदर्श र मर्यादाका पाठहरु समावेश गरिएका हुन्छन् । यस धाराका केही उपन्यासकार र उपन्यासहरु यस प्रकार छन् - रुद्रराज पाण्डे 'चम्पाकाजी', प्रयिश्चित (१९९५) र प्रेम (२००५) यस्तै टुकराजको 'रजबन्धकी' (१९९३), रामकृष्ण कुँवर राणा (१९९९) माहेन बहादुर मल्लाको समयको हुरी (२०१५) आदि आदर्शोन्मुख यथार्थवादी धाराको नेपाली उपन्यासहरु हुन् ।

**५.४.२ स्वच्छन्दतावादी धारा :-**

आधुनिक नेपाली उपन्यास परम्परामा वि. स. १९९३ मा रुप नारायण सिंहद्वारा लिखित उपन्यास 'भ्रमर' प्रकाशित भएपछि स्वच्छन्तावादले प्रवेश पाएको हो । भाव पक्षलाई जोड दिनु, व्यक्तिक अनुभवलाई जोड दिदै कल्पनामा रमाउनु, मानवतावादी प्रकृतिप्रेम, भावुकता, भाषामा सहज अलङ्कारिताको प्रयोग परिवर्तन र क्रान्तिमा जोड दिदै यस मोडमा आएका उपन्यासहरु हुन् । यस समयमा देखा परेका अन्य उपन्यासकारहरु र उपन्यासहरुमा मोहन बहादुर मल्लको उजेली छाँयामा (२००८) अच्छ राई रसिकको लगन (२०११), शिव कुमार राईको (डाकबँगाला २०१३) आदि प्रमुख रहेका छन् ।

**५.४.३ समाजिक यथार्थवादी धारा :-**

यस मोडको थालनी गर्ने उपन्यासकार, लैन सिंह वाङ्गदेलको पहिलो कृति 'मुलुकबाहिर' (२००४) हो । समकालीन घटना र परिस्थितिको ऐनाका रुपमा समाजलाई चित्रण गर्नु, मानिसको जीवन जगतको वास्तविकतालाई जस्ताको त्यस्तै गर्नमा उपन्यासकारहरु सक्षम रहे । यस मोडमा देखा परेका अन्य उपन्यासकारहरु र उपन्यासमा वाङ्गदेलकै माइतघर (२००७), 'लङ्गडाको साथी (२००८), 'रेम्ब्रान्ट (२०३३) लीलाबहादुर क्षेत्रीको 'बसाई' (२०१४), 'अतृप्त'(२०२६), 'ब्रह्मपुत्रका छेउछाउ'(२०४३) तथा

लीलाध्वज थापाको 'मन' (२०४३) लगायतका आदि उपन्यासहरु मून्य रहेका छन् ।

**५.४.४ ऐतिहासिक यथार्थवादी धारा :-**

नेपाली उपन्यास परम्परामा डायमन शम्शेर राणाको वसन्ती (२००६) बाट यस धाराको शुरुवात भएको हो । यस धाराको उपन्यासहरु इतिहासमा घटेका यथार्थ जन्य घटनामा काल्पनिकता भरेर यथार्थ घटना जस्तै प्रस्तुत गरिएका छन् । इतिहासको, देशकालको उचित संयोजन र निर्वाह हुनु, विश्वसनीय ढाँचामा यथार्थको भ्रम सिर्जना गर्नु यसका प्रवृतिहरु हुन् । डायमन शमशेरकै 'सेतो बाघ' (२०३०), 'प्रतिबद्ध' (२०३४), 'सत्प्रयास' (२०३८), 'अनिता' (२०४३), केशवराज पिडालीको 'एकादेशकी महारानी' (२०२६) आदि उपन्यासकारहरु र उपन्यासहरु यस मोडका प्रमुख हुन् ।

**५.४.५ अतियथार्थ वादी धारा :-**

आधुनिक उपन्यास परम्परामा वि.स.२००८ सालमा लैनसिंह वाङ्देल द्वारा लिखित लङ्गडाको साथी उपन्यासबाट यस धाराको सुरुवात भएको हो । वर्तमान मानवीय जीवनका यथार्थ पक्षलाई अतियथार्थवादी शैलीमा प्रस्तुत गर्न यस चरणमा आएका उपन्यासहरुमा प्रवृति हुन् । यस चरणमा देखा परेका उपन्यासकारहरु र उपन्यासहरुमा **गोविन्द बहादुर मल्लको 'अपर्ण' (२०५३) अर्जुन निरौलाको 'घाम डुबेपछि** (**२०३३) 'हिरणय भोजपुरीको' गोरी** आदी प्रमुख हुन् ।

**५.४.६ आलोचनात्मक यथार्थवादी धारा :-**

नेपाली उपन्यास साहित्यमा आलोचनात्मक यथार्थवादी धाराको प्रारम्भ हृदयचन्द्रं सिंह प्रधानको स्वास्नी मान्छे (२०११) बाट भएको हो । सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्नु, शोषण, दमन र वेदनायुक्त प्रवृतिको विरोध गर्नु यस

पक्षका विशेषता हुन् । प्रधानकै 'एक चिहान' (२०१८) धुस्वाँ सायमीको 'गंकी', (२०२१) खग्रेन्द्र सङ्ग्रौलाको 'जुनकिरीको सङ्गीत' (२०५६), कृष्णा धारावासीको 'शरणार्थी' (२०५४) , 'राधा' (२०६१), 'तँपाइ' (२०३३), सरु भक्तको 'समय त्रासदी' (२०५९) आदि उपन्यासकारहरु र उपन्यासहरु यस मोडका मुख्य हुन् ।

**५.४.८ नारीवादी धारा :-**

उपन्यासमा मनोविश्लेषणको प्रयोग वि.सं.२०१६ सालमा **गोविन्द बहादुर मल्ल गोठालेको 'पल्लो घरको झ्याल'** बाट भएको

हो । मानिसका मनका विभिन्न औजारहरुलाई औंल्याएर अध्ययन गरयो भने त्यो मनोवैज्ञानिक हुन्छ । मानवीय मनका तृष्णा, कुण्ठा, चाहना र समाजका आदर्शहरुका साथै मानिसको अन्तर्मनका इच्छाहरु बीचको अर्न्तद्वन्द्व यी उपन्यासमा पाइन्छ । यस मोडका उपन्यासकारहरु र उपन्यासहरु **विजय मल्लको 'अनुराधा'** (२०१८) **'कुमारी शोभा'** (२०३९), **विश्लेश्वरप्रसाद कोइरालाको 'तिन घुम्ती'** (२०२५), **'नरेन्द्रदाइ'** (२०२६) **परिजातको 'बैसको मान्छे'** आदि मुख्य रहेका छन् ।

**५.४.९ विसङ्गतिवादी धाराः-**

विसङ्गति भनेको शून्यता हो । आधुनिक नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी पक्षको सुरुवात **इन्द्र बहादुर राईद्धारा लिखित आज रमिता छ** (२०११) बाट भएको हो । जीवनको निस्सारताा, शून्यता, आदर्शहीत, नैतिकता र मूल्यहरुको अवसानको रुपमा हेर्दै मानिसलाई विसङ्गति प्राणीको श्रपमा स्थापित गर्दछ । यस मोडमा अन्य उपन्यासकारहरु र उपन्यासहरु **परिजातको 'शिरिष फूल'** (२०२२) , **ध्रुवचन्द्र गौतमको 'अन्तपछि'** (२०२४), **'बालुवामाथि'** (२०२८) **'डापी'** (२०३३), **दौलत विक्रमको 'चपाइएका अनुहार'** (२०३०) मुख्य हुन् ।

**५.४.१० अस्तित्ववादी धारा :-**

विसङगतिवादसँगै अस्तित्वादी उपन्यासहरु देखा पर्दछन् । अस्तित्ववादको मुल सिद्धान्त व्यक्ति सत्ता वा अस्तित्वको खोजी हो । यो विसङगतिका बीचबाट मान्छेले आफ्नो अस्मिता र अस्तित्वको खोजी गर्न थालेको देखिन्छ । आफ्नो जीवनको अर्थ आफै खोज्नु पर्छ आफ्नो बारेमा निहित रहेको छ । मानवीय मुल्यको खोजी मानिसले यही विसङगतिका बीच बाट गर्नुपर्छ भन्ने मान्यता नै अस्तित्वादको सार हो । यस पक्षको सुरुवात गर्ने प्रथम उपन्यासकार परिजात हुन । उनकै **शिरषको फुल** (२०२२) उपन्यास बाह अस्तित्वादको खोजी हुन थालेको देखिन्छ । यस पछिका उपन्यासहरुमा **विश्वेश्वरप्रसाद कोइरालाको 'तिन घुम्ती'** (२०४५), **ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि'** (२०४२), **'डिपी'** (२०३३), **'अलिखित'** (२०४०) आदि यस पक्षका महत्वपुर्ण उपन्यासहरु हुन् ।

### ५.४.११ प्रयोगवादी धारा :-

नेपाली उपन्यासको आधुनिक कालमा प्रयोगमा आएको समसामयिक धारा प्रयोगवादी धारा हो । नेपाली उपन्यासको समसामयिकताको प्रतिनिधित्व गर्ने यो पक्ष परम्परामुक्त लेखनमा विश्वास गर्दछ । उपन्यासको प्रचलित मान्यता र स्थापनाबाट हटेर अनिर्मित अघिल्तिरको जमीन जोडने आकाँक्षाले उत्साहित भई केही नवीनता र प्रयोगोन्मुखता नै मुल धर्म हो । आधुनिक नेपाली उपन्यासको विकास यात्रामा छैटौँ दशकको मध्यान्हबाट नै प्रयोगवादी उपन्यासको रुपमा देखापरेको प्रयोगशिल नेपाली उपन्यासकारहरु **ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि'** (२०२४), **'बालुवा माथि'** (२०३०) **मञ्जुलको 'छेकुडोल्मा'** ( २०२४), **कवितारामको 'बकपत्र'** (२०४६) **कृष्ण धारावासीको 'शरणार्थी'** (२०५६), **नारायण ढकालको 'पल्पसा क्याफे'** (२०६२), **गोविन्द भट्टराईको 'सुकरातको पाइला'** (२०६३) **आदि** प्रमुख रहेका देखिन्छन् ।

### ५.४.१२ मिथकीय धारा :-

आधुनिक नेपाली उपन्यासको विकास परम्पराको पछिल्लो चरणमा मिथकीय धारामा लेखिएका उपन्यासहरु पनि देखा पर्दछन् । मिथक भनेको सम्पुर्ण

मानव संस्कृतिको दस्तावेज र मानवमा लुकेका  काल्पनिक भावनालाई व्यक्त गर्ने पुराण दन्त्य कथा एंव अन्य जनशक्तिमा पाइने कथाहरु नै मिथक हुन् । यस पक्षलाई अगाडि बढाउने काम सर्वप्रथम उपन्यासकार **विश्वेश्वर प्रसाद कोइरालाको सुम्निमा** (२००७) उपन्यासबाट भएको हो । त्यसपछि उनकै **'मोदि आइन'** (२०६३) **हिटलर यहुदी** (२०४०) देखा पर्दछन् । त्यस्तै अरु मिथकीय उपन्यासहरुमा **मदनमणि शिक्षितको माधवी** (२०३९) **र त्रिदेवी** (२०५१), **धुवचन्द्र गौतमको अग्निदत +** (२०५२) **राजेश्वर दौलत विक्रम विष्टको ज्योति ज्योति महाज्योति** (२०४५) आदि महत्वपूर्ण उपन्यासहरु हुन् ।

### **५.४.१३ नवचेतनवादी धारा :-**

नेपाली सामाजको सपग्र चिन्तन, जीवनशैली, सांस्कृतिक चिन्तन, राजनीतिक, धार्मिक र भौतिक जस्ता समग्र पक्षलाई समष्टि रुपमा प्रयोग गर्ने आजको नवचेतनवादी युगमा यस विधाको प्रस्तावना केवल विधा विभग्नताको सन्दर्भमा प्रस्तुत भएको देखिन्छ । विधाञ्जन चेतनामा तेजराज खतिवडाको घोषणा नेपाली साहित्यको प्रयोग गरेका विविध विशेषतालाई सम्बोधन गर्न सक्षम नभए पनि विधाभग्नताको सङ्केत भने देखिन्छ ।

यस पक्षलाई अगाडी बढाउने काम शङ्कर लानिछाने भैरव अर्याय इन्द्रबहादुर राई, धुवचन्द्र गौतम हुन् । यस कालका उपन्यासहरुमा विवस्तुतता विपात्रता, विकथानात्मकता र विमिथकीयता जस्ता मल्यहरुको समायोजन भएको सृजनात्मक लेखनलाई आजको अपेक्षित  सत्य बनाइएको छ । यसै पक्षमा अभिमुखि भएर सृजना गरिने कार्य अबका लेखनकको मौलिक पहिचान बन्न गएको छ । (सुवेदी, पृ. ४९९) यस पक्षका केही उपन्यास तथा उपन्यासकारहरु तेजराज खतिवडा 'टेस्टयुब बेबी' (२०५६) यहाँ 'अझै उस्तै छ' (२०५३), 'भय विधाहरु' र रातको बाह्र बजे (२०५५), कृष्णधारावदी 'शारणर्थी' (२०५६), 'राधा' (२०५६), सरुभक्तको 'समय त्रासदी' (२०५८) आदि ।

## ५.५ निष्कर्ष :-

नेपाली उपन्यासको प्राथमिक काललाई केवल पुर्वाधारका रुपमा लिन सकिन्छ । शक्तिबल्लभ अर्यालको 'माहाभारत विराटवर्ष' (२०१८) बाट प्राथमिक कालको सुरुवात भएको पाइन्छ । प्राथमिक कालको सुरुवात भएको पाइन्छ । प्राथमिक कालमा केवल मनोरञ्जन, नीति, उपदेशले गरीएका आख्यानात्मक अनुदित रचनाहरु मत्र पाइन्छन् । यिनीहरुले कथायोजना लेखन शैली र आख्यान शिल्पविधानका दृष्टिले उपन्यासको उत्थान र विकासमा योगदान प्रारम्भ पुऱ्याएको देखिन्छ । माध्यमिक काल शिवदत्त शर्माका बिरासिक्का (१९४६) बाट भएको देखिन्छ । रोमाञ्चक तिलस्मी, जासुसी, ऐयारी उपन्यास यसकालमा लेखिए तिनले नेपाली उपन्यासको आधुनिक कालको निर्माणमा उल्लेख्य भुमिका निर्वाह गरेका छन् ।

यसरी उपन्यास विधाले नेपाली उपन्यास परम्परामा प्राथमिक कालीन परम्परागत संस्कृति कथालोक अभियानबाट सुरु भएको नेपाली गद्याख्यानले ऐयारी, तिलस्मी जस्ता अनुवाद मुलक औपन्यासिक प्रवृतिबाट विस्तार हूँदै आजको परिस्कृत उपन्यासको रुप ग्रहण गर्न सफल भएको छ । यस विधाले दिन प्रतिदिन साहित्यको एउटा महत्वपुर्ण्ा विधाको रुपमा अगाडि बढिरहेको स्थितिमा छ । वि.स. १९९१ बट सुरु भएको आधुनिक नेपाली उपन्यास परम्परा पुग नपुग सात दशक पार नगर्दै विविध प्रवृतिका साथ यसले नेपाली साहित्यमा छुट्टै पहिचान राख्न सफल भएको छ ।

समय सापेक्ष रुपमा आदर्शवादी धाराबाट सुरु भएको उपन्यास परम्परा अन्तराष्ट्रिय प्रभाव र देशको बदलिँदो अवस्था र जनचाहना अनुरुप स्वच्छन्दतावादी, यथार्थवादी, मनोविश्लेषणवादी, विसङगतिवादी, अस्तित्ववादी, प्रकृतवादी, प्रगतिवादी, नारीवादी प्रयोगवादी आदि धाराहरुमा विकासको गतिमा अघि बढदो छ । सयौँको संख्यामा उपन्यासकारहरुले लेखन र प्रकाशन गरिरहेको आधुनिक नेपाल उपन्यास परम्पराको समकालीन अवधि आशाप्रद रुप्मै अघि बढेको छ र यसको भविष्य उज्जवल देखिन्छ ।

# अध्याय - ६

## बसाई उपन्यासमा पाइने सामाजिक पक्षको विस्तृत विश्लेषणात्मक अध्ययन

### ६.१ पृष्ठभुमि :-

क्षेत्रीको बसाई उपन्यास मुलत : नेपालीहरुका बसाई हिडनु पर्ने कारणहरु प्रस्तुत गर्ने कृति हो । बसाईको पृष्ठभुमि नेपाली गाउँले समाजको वास्तविकता हो । यसमा बसाई हिँडनु पर्ने अवस्था आउनुभन्दा अगाडिको स्थितिलाई कथ्य बनाएर लेखिएको छ । आर्थिक र सामाजिक संरचना २००७ सालपुर्वकै नेपाली समाजको आचरणलाई आधार बनाइएको छ । नेपालभित्र आर्थिक विपन्न मान्छको दैंनक जीवन विकराल थियो र त्यस विकरालताको कारण तत्कालीन सामन्ती अर्थव्यवस्ता र सामन्ती संस्कृतिको ढाँचा निकै दमणकारक थियो । आर्थिक दृष्टिले विपन्न मानिने मान्छे न धार्मिक दृष्टिले प्रतिष्ठित मानिन्थ्यो न सामाजिक दृष्टिले । त्यस्तो मान्छेलाई एकातिर दैनिक जिवन धान्न कठिन पर्दथ्यो भने अर्कोतिर अर्थाभावकै कारणले एउटा अभिभावकले निर्वाह गर्नुपर्ने कर्तव्य समेत पूरा गर्न नसकिरहेका जिवनको प्रस्तुती नै यस उपन्यासको पृष्ठभुमिको आधार हो ।

क्षेत्रीको 'बसाई' उपन्यासले ग्रामिण जिवनको यथार्थपक्षलाई चित्रण गर्छ भने अर्कोतिर आर्थिक प्रणालीको असमान वितरणलाई । गरिब गरीबीको ज्वालाले झन झन सुकदै गएको छ भने धनि र सामन्त धन शोषन र देशको ऐरावतले झन झन पोषिदै गएको पाइन्छ । यस्तो अन्याय र अत्याचारको कुनै सिमा नभएको तथ्य यसमा औल्याएको छ । झुमा र रिकुटेको माध्यमबाट उपन्यासकारले एकातिर वासनात्मक प्रेमको चर्चा गरेका छन् । जुन सामाजिक मर्यादाको कसिबाट धैर पर भागेको तथ्यलाई चित्रण गरिएको छ भने त्यही समाजमा मोटे कार्की जस्ता बास्तविक र सच्चा प्रेमका निरच्छल पुजारीहरु रहेका हुन्छन् भने यथार्थता यसमा चित्रण गरिएको छ ।

यसरी यस बसाई उपन्यासमा ग्रामिण जिवनको यथार्थता समाजको आर्थिक असमानता, मानवतावादी दृष्टिकोणका साथै वासनात्मक प्रेमप्रति घृष्णाभाव जागृत गराई मानविय सम्वेदनलाई प्रस्तुत गर्नु यस उपन्यासको पृष्ठभुमि हो ।

## ६.२ औपन्यासिक तत्वका आधार :-

'बसाई' परम्परागत रुपमा अध्याय वा परिच्छेद विभाजन गरि उपन्यास लेख्ने ढाँचामा रचित उपन्यास हो । यो उपन्यास जम्मा तिस परिच्छेदमा विभाजित छ । परिच्छेदलाई अङ्कले छुट्याइएको छ । उपन्यासको परिच्छेदहरु साना- साना भागमा विभाजित छन् ।

यस उपन्यासको कथावस्तु रेखिय ढाँचामा संरचित भएको छ । यो सामाजिक, यथार्थवादी घटनाक्रमलाई उठान गरेर लेखिएको उपन्यास भएको हुनाले यो सामाजिक र यथार्थवादी धरातलमा आधारित छ । लिल बहादुर क्षेत्रीद्वारा बसाई उपन्यासको संरचनात्मक पक्षलाई विश्लेषण गर्दै अगाडि बढ्दा २०१४ सालमा मदन पुरस्कार पुस्कालयबाट पहिलो पटक पुरस्कार कृतिको रुपले आउँदा एकदेखि तिस सम्मका विषयवस्तु गत विभाजित रेखा कोरेर देखापरेको छ । त्यहि कृतिले २०६६ सालसम्म आइपुग्दा ३४ औं चोला फेरिसकेको देखिन्छ । यसमा नेपालको पुर्वी पहाड रावा खोला, भोजपुर, तेह्रथुम, धनकुटा आदी क्षेत्रका निम्न बर्गिय जनजीवनले भोग्नु परेका तितापिरा, कटु अनुभवहरुलाई र सामन्ती स्वभावका शोषकहरुले शोषण गर्ने प्रवृतिलाई एउटा पाटाको रुपमा राखेर हेरिएको छ भने तिनीहरुप्रति गरिने अन्याय अत्याचार, सुदाचार, शोषण, दमण आदीलाई केलाएर अर्को पाटाको रुपमा राखिएको छ । यी दुई किसीमका सामाजिक परिवेश परिस्थितिहरुलाई विषयवस्तु गत सन्दर्भमा विभाजन गरेर एक देखि तिससम्म परिच्छेदनत सकेंतहरु राख्दै यसको सिङ्गो रुपमा संरचना गरिएको छ । त्यसभित्र

पनि कहीँ धने बस्नेतको सिँगो जिवनको बिम्ब उत्तारिएको छ  भने कहीँ नन्दे ढकाल र बैदार बुढाका सिँगो जिवनको चरित्रलाई सम्बादातात्मक गतिमा उतारिएको छ । त्यस्तै कतै मोटे कार्की रुकुटेका जिवनलाई एकअर्काका विपरित धुर्वी पात्रको रुपमा देखाइएको छ भने कहीँ रिकुटे र भुमाका बिचको सम्बाद घटनालाई बिम्बित पारिएको छ । कतै मोटे कार्की र भुमाको मानविय उदारता आदर्शवाद र सके उपकार गरौँ, नसके अपकार नगरौँ भन्ने मानविय भावनालाई सम्वादात्मक गतिमा समेटदै बसाई शिर्षक उपन्यासको सिँगो लघुकथा बसाई शिर्षक सिद्ध गरिएको छ  । अतः यिनै मूलभुत माध्यमद्वारा नेपालको पुर्वीपाहाडको सामाजिक, साँस्कृतिक, आर्थिक, व्यवहारिक, धार्मिक, नैतिक आदी चरित्रलाई समेटिएको छोटो औपन्यासिक संरचना बसाई उपन्यासमा समेटिएको छ भन्नु सान्दर्भिक हुनेछ ।

## ६.३ 'बसाई' उपन्यासको औपन्यासिक बस्तुहरु

### ६.३.१ कथावस्तु :-

कुनैपनि कृतिविशेषमा कथावस्तुले नै घटनाहरुको सङकलित तारतम्य मिलाउने बद्धगति लिएको हुन्छ । कथावस्तुले घटनाहरुको श्रृङखला मिलाएर तिनीहरुका बिच कार्यकारण सम्बन्ध स्थापित गराउने कार्य गर्दछ  र उपन्यासकारको विचार, धारणा तथा अनुभुतिहरुको कलात्मक प्रस्तुती गर्दछन् ।

'बसाई' उपन्यासमा रेखिय ढाँचामा सँरचित कथावस्तुलाई लिएको छ  । यो सामाजिक, यथार्थवादी घटनाक्रमलाई उठान गरेर लेखिएको उपन्यास भएको हुनाले यसको कथावस्तु सामाजिक यथार्थवादी धरातलमा आधारित छ । "**कथानकका अङ्गहरु क्रमबद्ध  सिधा अगाडि त्यसले रेखाको रुपमा मध्य र अन्त्यलाई जोडद्छ । यसमा कथानक पछाडि फर्कदैन । जसले गर्दा उपन्यास वर्तमानबाट भविष्यतिर यात्रा गर्दछ ।"** भनी रैखिक ढाँचाको उल्लेख गरिएको छ ।

**(कृष्ण हरि बराल, पृष्ठ २८)**

'बसाई' उपन्यासको कथानकलाई प्रकारका आधारमा बर्गिकरण गरेर हेर्दा मुख्य र सहायक गरि दुई प्रकारको कथानक यस भित्र रहेको पाइन्छ । उपन्यास भित्र धनबहादुर र मैनाको कथा प्रमुख कथा हो भने झुमा र रिकुटेको कथा सहायक कथा हो । धनबहादुरको कथा उपन्यासको प्रारम्भ देखि अन्त्यसम्म एकै किसिमले प्रस्तुत भएको पाइन्छ । अनि उपन्यासको शिर्षक सार्थकता पनि मुल कथा वस्तुमै आधारित भएको छ । अर्कोतिर झुमा र रिकुटेको सहायक कथाविच खण्डबाट सुरु भएर बिचमा नै अन्त्य भएको छ । तसर्थ यस बसाई उपन्यासको कथावस्तु सामाजिक यथार्थवादी धरातलबाट टिपेर रैखिक ढाँचामा उन्दै दूई खण्डमा बिभाजन गरेर प्रस्तुत गरिएको छ ।

### ६.३.२ चरित्र :-

कथानक वा कथावस्तुलाई मूर्तरुप वा जिवनतता दिने दोश्रो तत्व भनेको चरित्र हो, जसलाई पात्र पनि भनिन्छ । पात्रले कथावस्तुलाई रोचक ढङ्गले पाठकसामु पुऱ्याउँछ । अनि पाठकले कथावस्तुको रसास्वादन पात्रमार्फत नै गर्दछन् । उपन्यासमा प्रयुक्त पात्रहरुलाई विभिन्न आधार र माध्यमले प्रस्तुत गर्न सकिन्छ । बसाई उपन्यास समावेशी पनि हो । यसमा लिङ्गीय आधारमा नारी पुरुषजातिय आधारमा दलित, जनजाति, क्षेत्री, ब्राह्मण जस्ता पात्रहरु यस भित्र पाउन सकिन्छ । त्यति मात्र नभई कार्यका आधारमा प्रमुख सहायक र गौण गरि तिन प्रकारका स्वभावका आधारमा अनुकूल र प्रतिकुल गतिहिन र गतिशिल जिवन चेतना आधारमा व्यक्तिगत र वर्गिय पात्र आधारमा मञ्चिय र निपथ्य तथा आबद्धता आधारमा वद्ध र मुक्ता गरि सबै प्रकारका चरित्र यस उपन्यासमा देख्न पाइन्छ । यस आधारले बसाई समृद्ध उपन्यास हो ।

**६.३.३ देशाकाल वातावरण :-**

यो उपन्यासको अर्को महत्वपुर्ण  तत्व हो । रचनाकार वा उपन्यासकारले आफ्नो रचनाभित्रको घटनाक्रमलाई उठान गर्दा कुनै स्थानविशेष र समयविशेषमा जोड दिएको पाइन्छ, त्यो नै देशकाल वातावरण भएर देखा पर्दछन् । देशकालले उपन्यासको घटना र चरित्रलाई उपयुक्त पृष्ठभुमि प्रदान गर्दछ । उपन्यासमा दृश्यात्मक पद्धतिबाट गति बढाउँदा स्पष्ट देशकाल वातावरण सिर्जिएको हुन्छ । बसाई उपन्यासको देशकालको खोजी गर्दा पूर्बि नेपालको पहाडी भेगको चित्रण गरिएको अभाष हुन्छ । स्थानविशेष बुझ्न र बुझाउनका लागि पात्रहरुको भाषिकताको मनोदषा वा पात्रबोलिबाट पनि सहज अनुमान लगाउन सकिन्छ । बसाई उपन्यासको देशकाल अझ चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ भन्नुमा कुनै अतियुक्ति नहोला । किनकी यसमा लेखकले क्षमता  र भावको प्रयोग गरि देशिए एवंम सामाजिक संस्कारको विविध चित्रहरु यथार्थपरक बनाएर प्रस्तुत गरेका छन् । यो उपन्यास झट्ट पढ्दा कुनै पाहाडी गाउँमा प्रत्यक्ष डुले झैँ अनुभुत हुनु यहि चित्रात्मक शैलीको प्रयोग भएको हो ।

उपन्यासमा कार्य व्यपारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अघि बढदै  जाँदा पाठकमा उत्पन्न हुने सुखदुख, घृणा, क्रोध आदी भावनाको उदबोधन हुनु र तिनको परितृप्ती हुनुनै वातावरण हो । बसाई उपन्यासमा धने प्रति साहानुभुति, नन्देढकाल, बैदार बुढाको लोलोपोत्तो प्रति क्षेभ पैदा हुनु अनि कथावस्तुको अन्त्यमा पाठकलाई कारुणिक बनाउनु यस उपन्यासको वातावरण हो ।

यसरी यस उपन्यासमा देशकाल र वातावरण निकै सहज र अर्थपुर्ण बनेर देख्नुले उपन्यास सबल छ  भन्ने देखाउनु हो ।

### ६.३.४ दृष्टिविन्दु :-

दृष्टिविन्दु भनको पात्र वा घटनाको स्थितिवादी चित्रण्चा हो । यसमा लेखकले घटना एवंम चरित्रको वर्णन र स्थापना कसरी गर्छ भन्ने कुरा उल्लेख गरिएको हुन्छ । यसमा कतै लेखक स्वयँमले कथावस्तुलाई लिएर हिडेको हुन्छ भने कतै पात्रमात्र कथावस्तुमा हिडेको हून्छ । यहि क्रमलाई नै दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दु आन्तरिक र बाह्य गरि दुई प्रकारका हून्छन् । प्रस्तुत बसाई उपन्यास तृित्य पुरुष दृष्टिविन्दुमा संरचित छ । यहाँ कथाकारले आफु म बनेर भाव र शैलीलाई प्रस्तुत गरी निपथ्य अरु नै कोही बोलेझैं गरि प्रस्तुत गरेका छन् । पात्रपनि शिलशिलाबद्ध रुपमा उपस्थित भएर कसैले निम्त्याएपछि सम्बादात्मक प्रस्तुतीमा उपस्थितमा भएका छन् । यहाँ कुनै पनि पात्र स्वस्र्फुत रुपमा सम्बादात्मक अभिव्यक्तिमा नआएका कारण यो बढि लेखकिय शैली नजिक तृितिय पुरुष शैलीका माध्यमबाट प्रस्तुत गरिएको हुनाले यसको दृष्टिविन्दु तृितिय पूरुष नै छ ।

### ६.३.५ सारवस्तु :-

उपन्यासको केन्द्रिय भाव वा आधारभुत विचारालाई सारवस्तु भनिन्छ । उपन्यासको उद्येश्य वा परिणति पनि सारवस्तु नै हो । सारवस्तुले उपन्यासकारले भन्न खोजेका कुरा वा दिने सन्देश र पाठकले त्यसलाई ग्रहण गर्ने सम्बन्धमा सारवस्तु केन्द्रित भएको हुन्छ । बसाई उपन्यासको सारवस्तुलाई हामी यसरी व्यक्त गर्न सक्छौं ।

एकातिर यस उपन्यासले ग्रामिण जिवनको यथार्थपक्षलाई चित्रण गर्छ भने अर्कोतिर आर्थिक प्रणालीको असमान वितरणलाई । गरिब र गरिबीको ज्वालाले झनझन सुक्दै गएको छ भने  धनि र सामन्त धन, शोषण र देशको ऐरावतले  झनझन पोषिदै गएको पाइन्छ । यस्तो अन्याय र अत्याचारको कुनै सिमा नभएको तथ्य यसमा औल्याएको छ । त्यतिले मात्र यो उपन्यासको सारवस्तुको अन्तय हुँदैन । झुमा र रिकुटेको माध्यमबाट उपन्यासकारले एकातिर वासनात्मक प्रेमको चर्चा गरेका

छन् जुन सामाजिक मर्यादाको कसिबाट धेरै पर भागेको तथ्यलाई चित्रण गरिएको छ भने त्यहिँ समाजमा मोटे कार्की जस्ता वास्तविक र सच्चा प्रेमका निश्चल पुजारीहरु रहेका हुन्छन भने यथार्थता यसमा चित्रण गरिएको छ ।

यसरी यस बसाई उपन्यासमा ग्रामिण जिवनको यथार्थता समाजको आर्थिक असमानता, मानवतावादी दृष्टिकोणका साथै वासनात्मक प्रेमप्रति घृणाभाव जागृत गराई मानवीय सम्बेदनालाई प्रस्तुत गर्नु यस उपन्यासको सार वस्तु हो ।

**६.३.६ भाषाशैली :-**

लेखकले पाठकलाई आर्कषण गर्न सक्ने क्षमता भाषाशैलीले मापन गर्दछ । यो लेखकको वैयक्तित हून्छ । यसमा विशिष्टता झल्काउनका लागि समान्य नियमहरु पालना नगर्न पनि सकिन्छ । साथै यसै आधारमा संरचित छ बसाई । यसमा पुर्व नेपालमा बोलिने स्थानिय जनबोलीलाई प्राथमिकता दिएको छ । भाषाभन्दा भाषिकाको प्रयोगले उपन्यास ज्यादै रोचक बनेको छ । प्रायः सरल वाक्यहरुका गठनले भाषाशैली सरल सहज र सरस बनेको छ । समाजको यथार्थ चित्रण उतार्न वर्णात्मक, चित्रात्मक र दृश्यात्मक शैलीको प्रयो गरिएको छ । व्यक्ति बोलि थेगो र टुक्काहरुको प्रयोगले भाषा र शैलीले जिवन्तता पाएको छ । भाषा र शैलीले जिवन्तता पाउनु भनेको सिङ्गो उपन्यासले जिवन्तता वरण गर्नु हो । यसरी बसाई उपन्यास भाषिक दृष्टिले पनि समुन्नत रहेको कुरा प्रस्तुत गर्न सकिन्छ ।

**६.३.७ प्रतिक र बिम्ब :-**

सोझो र सिधा अर्थमा कुनै वस्तुलाई सरसर्ति वर्णन नगरेर त्यसको ठाउँमा सट्टमा अर्को वस्तुले लक्ष्यार्थ वा व्यग्यार्थ भाव झल्काउँछ भने त्यहाँ प्रतिक र बिम्बको प्रयोग भएको यथार्थतालाई स्विकार्न सकिन्छ । यसैले भावि जिवनको सकेँत गर्दछ ।

प्रस्तुत बसाई उपन्यासमा शुरु अध्यायको शुरु भागमा...... 'आकाश धुम्म थियो औ सधै पाहाडका टाकुराबाट बग्ने चिसो चिसो वायु बन्द थियो । रात शुक्ल पक्षको भएतापनि आकाशमा धुम्म बादल लागेकोले टहटह लाग्ने जुनको उज्यालो पृथ्वीमा आउन पाएको थिएन र साधारण देख्न सकिने सम्मको प्रकाशमात्र थियो ।' प्रस्तुत अभिव्यक्ति भनेको भावी जिवनको संकेत हो । जूनको धिमा प्रकाश भनेको त्यस्तै अध्याय पाँचको शुरुमा **'सुर्यको पहिलो किरण पारी पहाडँका टाकुरामा परेकाले ती टाकुरा कुनै चित्रकारले बेसारे रँगमा रँगाएझै देखिन्थ्यो ।'**

यसले झुमाको भावि जिवन डुब्न लागेको सुर्य झैँ वनको प्रतिक हुन्छ भन्ने बेसारेले रिकुटेको बेसारीप्रेम झुट्टा प्रेम वा वासनात्मक भावलाई झल्काउन खोजेको छ ।

यसरी यस बसाई उपन्यासमा यस्ता भावाभिव्यक्ति प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ । जसले भाषिक नयाँ आयाम थप्छ । यस्ता प्रतिक र बिम्ब समान्य पाठकका लागि त्यति सरल नभएपनि यसको मर्म र रहस्य बोध हूँदै गएपछि यो रोचक लाग्न थाल्दछ ।

## ६.४. बसाई उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक वर्गिकरण तालिका

| | | १.लिङ्ग | | २.कार्य | | | ३.प्रवृति | | ४.स्वाभाव | | ५.जीवन चेतना | | ६.आसान्न-तक | | ७.आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | आधार | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिहीन | गतिशील | व्यक्तिगत | वर्गीय | मञ्चीय | निपथ्य | बद्ध | मुक्त |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| १. | मैना | + | − | + | − | − | + | | − | + | + | | + | − | + | − |
| २. | भ्रुमावती | + | − | − | + | − | − | + | − | + | + | | + | − | + | |
| ३. | धनवहादुर बस्नेत | − | + | + | − | − | + | − | − | + | + | − | + | − | + | − |
| ४. | धनेको ३ वर्षे छोरो | − | + | − | − | + | + | − | + | − | − | + | + | | − | + |
| ५. | बैदार बुढा | − | + | − | + | − | − | + | − | + | − | + | + | − | + | − |
| ६. | काहीला धामी | − | + | − | − | + | + | − | + | − | + | | + | − | | + |
| ७. | लेउते दमाई | − | + | − | − | + | − | + | + | − | − | + | + | − | − | + |
| ८. | तेलु मगर | − | + | − | − | + | − | + | + | − | − | + | − | + | − | + |
| ९. | रिकुटे | − | + | − | + | − | + | − | + | + | + | | + | − | + | − |
| १०. | बुधे कामी | − | + | − | − | + | + | − | + | − | + | − | − | + | − | + |
| ११. | ठूली | | − | − | − | + | + | − | + | − | + | − | + | − | − | + |
| १२. | मोटेकार्की | | + | − | + | − | + | − | − | + | + | − | + | − | + | − |
| १३. | दोवाटो साहीला | | + | − | − | + | − | + | + | − | | − | + | − | − | + |
| १४. | लुइँटेल | | + | − | − | + | + | − | + | − | − | + | − | + | − | + |
| १५. | नन्दे | + | + | − | + | | − | + | − | + | + | | + | − | + | − |
| १६ | ढकाल्नी | | − | − | + | + | − | + | | − | + | − | + | − | + | − |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| . | | | | | | | | | | | | | | | | |
| १७. | **साने घर्ती** | − | + | − | − | + | + | − | + | − | + | − | − | + | − | + |
| १८. | **कान्छो साहु** | − | + | − | − | + | − | + | − | + | − | + | + | − | + | − |
| १९. | **चिम्से** | − | + | − | − | + | − | + | + | − | + | − | − | + | − | + |
| २०. | **तेंसेलामिछाने** | + | + | − | − | + | + | − | + | − | − | + | + | − | − | + |
| २१. | **कान्छि घर्तिनी** | + | − | − | − | + | + | − | + | − | − | + | + | − | − | + |
| २२. | **गोमा** | | − | − | − | + | + | − | + | − | | + | + | − | − | + |

**६.५. तालिकाबद्ध पात्र विश्लेषण :-**

**क). धनबहादुर वस्नेत :-**

**क) १ पुरुष पात्र**

धनबहादुर वस्नेत जसलाई धने भनेर चिनिन्छ, ऊ यस बसाई उपन्यासको पुरुष पात्र हो । ऊ हाम्रो नेपाली समाजमा पाइने नामहरुको सुचिमा ऊ पुरुष बर्गमा पर्दछ । ऊसलाई पुरुष पात्रको रुपमा चिनाउने प्रशस्तै आधारमध्ये मैनाको श्रीमान, झुमाको दाजु तथा तिन बर्षिय छोराको बाबु जस्ता पदले पनि ऊ पुरुष पात्र हो भन्नुमा कुनै अत्युक्ति रहनेछैन । त्यसैले ऊ लिङ्गिय आधारमा पुलिङ्ग पात्र हो ।

**क.२ प्रमुख पात्र :-**

धने यस उपन्यासको प्रमुख पात्र हो । ऊ यसको नायक हो । उपन्यासको सम्पुर्ण कथावस्तु धनेमा नै केन्द्रित छ । उपन्यासको सुरु देखि अन्त्यसम्म नै धनेको भुमिका उल्लेख्य छ । ऊ गरिबीको रापले पिल्सिएको भएपनि ऊ जहाँतहि नबुझ्ने स्वाभिमानी पात्र हो । यस आधारले हेर्दा पनि ऊ प्रमुख पात्र नै हो ।

**क.३ अनुकूल पात्र :-**

प्रबृतिका आधारमा हेर्दा धने अनुकूल चरित्र हो । ऊ कथावस्तुको विपक्षमा छैन, असुहाउँदो र नुहने काम उसले गरेको छैन । भाग्यवादी बनेर जहाँन परिवार समाज आदिकै भलाई रहितका लागि लागिपर्ने धने यस उपन्यासको अनुकूल पात्र हो । जस्तोसुकै आपत र विपति आइपरेपनि आफ्नो गति र सोझोपनालाई नछाडि अगाडि बढ्छ ।

**क.४ गतिशिल पात्र :-**

धने यस उपन्यासमा गतिशिलताका रुपमा देखा परेको छ । उ सबै काम आफै गर्न तम्सिन्छ । उसमा दायित्वबोध छ । परिवार पाल्नकालागि ऊ हरेक कार्य (दु:ख) गर्न पछि पर्दैन । यसबाट पनि यो कुरो बुझ्न सकिन्छ " पोहोर वित्थामा बैदारको पडके तेसीमा भोटेका ति हुन ल्याउने भनेर छँदाखादाको गोरु पनि मासिए । यस पाला त अलिअलि भएको खेतवारी पनि बाझै रहने भो । अर्काको भरले कति निर्वाह हुन्छ खोइ ?"१ **(बसाई- पृष्ठ २७)**

" कुतसुत खेतपाए पनि गर्न हुन्थ्यो, ढकाले हरु मलाई देखि सहनन् कल्ले दिन्छ र कूतमा खेत खोइ ?" २ ( **बसाई पृष्ठ २७**)

**क.५ व्यक्तिपात्र :-**

धने यस उपन्यासमा आफ्नो व्यक्तिगत र पारिवारिक जिवनस्तर उकास्नका लागि परेको एक गरिब व्यक्ति हो । गरिबले पिल्सिएर समस्या नै समस्यामा

रुमलिएको धने यसो हेर्दा यस उपन्यासमा गरिब बर्गको प्रतिनिधि पात्र झैं लागे पनि ऊ यि आधारबाट व्यक्ति पात्र हो । "........ए, किन रुन्छस ? यसरी अहिले तेरो लोग्ने मरिहालेको छैन, म छदाँछदै त किन सुर्ता मान्छेस ?"३(**पृष्ठ-३७ बसाई**) "...... त जस्ती जोइ पाउनु गरिब भएपनि म भाग्यमान न हूँ ।"४(**पृष्ठ- १४ बसाई**)**"** । यसरी धनेले आफ्नो परिवार सम्मलाई ध्यान दिनु ऊ व्यक्ति

पात्र हो भन्नेलाई पुष्टि गर्नु हो ।

**क.६ मञ्चीय पात्र :-**

असान्नताका आधारमा यस उपन्यासको प्रमुख पात्र धन बहादुर मञ्चीय पात्र हो । यस उपन्यासमा ऊ सुरुदेखि अन्त्यसम्म एकैनाशले उपस्थित भएर आफ्नो सम्बाद व्यक्त गर्न सफल भएको पात्र ऊ मञ्चीय नै हो । यसलाई पुष्टि गर्ने केही आधारहरु यस प्रकार छन् "........कति खेर अन्मरिएछ साढैं, अहिले आफ्नै बारीमा थियो ।"

**५ बसाई** (**पृष्ठ-५**)

".......हैन किन पड्किन्छस त दमाई ? खाएछ भने भरौला ।"

**क.७ बद्धपात्र :-**

आबद्धताका आधारमा धने बद्रपात हो । कथानकमा धने जसरी बाँधिएको छ, उसरी नै अरु पात्र धनेसँग बाँधिएका छन् । धने बिनाको यो उपन्यासको कथावस्तु लङ्गडो हुन जान्छ । ऊ यसैले बद्धपात्र हो ।

**(ख) मैना :-**

**ख.१ स्त्रीपात्र :-**

मैना यस उपन्यासकी स्त्रीपात्र छिन् । लिङ्गिय आधारमा उनलाई नारी वर्गमा राख्न सकिन्छ । उनलाई नारी भनेर चिनाउने थप आधार धनेकी स्वास्नी झुमाकी भाउजू र आमाको रुपमा देखिएकी पात्र हो । "....मैना त्यसकी प्रिय पत्नी जो

त्यसको दुःखमा साथ दिन्छे, औ सुखमा आनन्द मनाउँछे । मैनाको काँखमा खेल्ने धनेको भविय तारो तिन वर्षिय बालक ।"७ (**बसाई २**)

**ख.२ प्रमुख पात्र :-**

कार्यका आधारमा मैना यस उपन्यासकी प्रमुख पात्र हो । धनबहादुरका हरेक सुखदुखमा साथ दिने मैना उपन्यासमा धेरै पल्ट प्रयोग हुने स्त्रीपात्र हो । घरभित्र देखि मेलापात्र सम्मका कुराहरु मिलाउनु आफुलाई नभए पनि अरुलाई हुनुपर्छ भन्ने मान्यता राख्नु प्रमुखताको लक्षण हो । यसलाई निम्न कुराले पनि पुष्टि गर्दछ । "....के त्यत्रो सुर्ता मान्नु पऱ्यो ? लुगा उहीँ एकसरो नानी लाई चाहिन्छ, अरुलाई पोहोरकै होइहाल्छ ।" ( **बसाई पुष्ठ-१४**)

**ख.३ अनुकुल पात्र :-**

प्रकृतिका आधारमा मैना अनुकुल पात्र हो । धनेकै तथा कथावस्तुकै पक्षमा मैना देखिएकी हुनाले ऊ अनुकुल पात्र हो ।

**ख.४ गतिशिल पात्र :-**

स्वभावका आधारमा मैना गतिशील पात्र हो । धनेकै तथा कथावस्तुकै पक्षमा मैना देखिएकी हुनाले ऊ अनुकुल पात्र हो । ऊ धने जस्तै उपन्यासमा सवैठाउँमा देखिन्छ । यस आधारलाई यसरी पनि देखाउन सकिन्छ, "....पकाउनेले आफ भाग लगाउनु पर्छ घर गएर पनि त्यसरी नै अर्हाउँछ्यौं ।" (**बसाई -पृष्ठ १०** )

**ख. ५ व्यक्ति पात्र :-**

जिवन चेतनाका आधारमा मैना व्यक्ति पात्र हो । हुनत ऊ यस उपन्यासमा नारी जातिको प्रतिनिधित्व गर्ने वर्गिय पात्र झैं भान हुन्छ, तर पनि यि आधारबाट हेर्दा ऊ व्यक्ति पात्र नै हो । ".....तपाईले अहँयाएर गरेकी हूँ र तपाईले भो भन्दा भो हुने नभन्दा नहुने ? मेरो खुशीले पो गर्दैछु त ।" **१०** (**पृष्ठ १३**)

"....मेरो न देउरानी नजेठानी आफ्ना रवसमा छोराबाट छुट्याएर टेवा हुन्छ ?" **११ (पृष्ठ १४) 'बसाई'**

**ख.६ मञ्चीय पात्र :-**

मैना आसन्नताका आधारमा मञ्चीय पात्र हो । ऊ सुरुदेखि अन्त्यसम्मका प्राय सबै ठाउँमा उपस्थित छे । घटनाबली सँग प्रत्यक्ष तारतम्य मिलाउने पात्र भएकी हुनाले ऊ मञ्चीय पात्र हो ।

**ख.७ बद्धपात्र :-**

घटनाक्रमबाट भिन्न गराउन नमिल्ने पात्र बद्धपात्र हो । यदि मैनाले आबद्धताका आधारमा मुक्ता गराउने हो भन्ने उपन्यास निरस र एकाङ्की बन्न पुग्छ । त्यसैले मैना यस उपन्यासकी बद्धपात्र हो ।

**ग) झुमाबत्ति**

**ग.१ स्त्रीपात्र :-**

लिङ्गिय आधारमा स्त्रीपात्र हो । ऊ धनेकी बहिनी मैनाकी ननद हो । यसका साथै रिकुटे सँगको प्रेमजालमा सजिलै फस्ने ग्रामिण युवती हो । जो १४/१६ वर्षे फर्कदो जोवन भएकी केटी हो । स्त्री जनाउने अरु थप आधारहरु

".....म त रित्तै जान्छु, दाज्युले लुगा किन्नु भनेर पैसा दिइराख्न एउटा गुन्य हेर्नुपरेको छ ।" **१२, बसाई (पृष्ठ १५)**

झुमा हाथमा बेला लिई ज्यादै निहुरेर.... म जेत्रोले ढाकिएको झुमाको टाउको मात्र देख्यो ।" **१३, बसाई(पृष्ठ १०)**

**ग.२ सहायक :-**

कार्यका आधारमा झुमा यस उपन्यासकी सहायक नारीपात्र हो । ऊ यस उपन्यासको सहायक कथा खण्डकी नारीपात्र हो । अर्को खण्डकी चाँहीं ऊ प्रमुख पात्र नै भनेपनि हुन्छ, तर मुल कथाखण्डमा उसको स्थान सहायकमा आउँछ, जहाँ दाजु र भाउजुको सरह मान्ने मात्र हो, यस अर्थमा ऊ सहायक हो ।

**ग.३ प्रतिकुल :-**

प्रकृतिका आधारमा हेर्ने हो भन्ने झुमाबती प्रतिकुल पात्र हो । किनभने उसले धने र मैनाको सामाजिकतामा आँच आउने कार्य गरेकी छे । आफ्नो फर्कदो बैशलाई नियन्त्रणमा राख्न नसकेर घरका अभिव्यक्तिहरुको मर्यादालाई कुलचनु के प्रतिकुलता छैन र ? रिकुटे सँग लसफस गरेर उसको पापलाई पेटमा हुर्कन समाजिक मार्यादा भन्दा बाहिर जानु पक्कै पनि प्रतिकुलता नै हो ।

**ग.४ गतिशीलता :-**

स्वभावका आधारमा हेर्ने हो भने पक्कै पनि गतिशील पात्र हो । ठुली सँग बजार जाँदाका क्षनमा होस वा रिकुटेसँगको वार्तालापमा होस वा भाउजु सँगको सँगिनीमा नै किन नहोस । उसले उसका प्रत्यक्ष सम्बाद र अभिव्यक्तिहरु भेटिन्छन् ।

**ग.५ व्यक्तिपात्र :-**

जिवनको चेतनाका आधारमा यस उपन्यासकी नारीपात्र झुमा व्यक्ति पात्र हो। झुमाले बैसले भरभराउँदो अवस्थामा पुगेका नारी तथा तिनीहरुको लजालु र सजिलै फकिने ग्रामिण नारीहरुको प्रतिनिधित्व गरेकी छे तर पनि उपन्यासमा उसले हामीको सट्टा म भएर नै धेरै कार्य गरेको हुनाले ऊ व्यक्ति पात्र हो । यसलाई पुष्टि गर्नका लागि लिखित उदाहरण समायोजन गर्न उपयुक्त हुनेछ । “ म पातकी सँग तिमी काँ काँ हिड्दै छौँ, दुःख भोग्दै ? मेरो पाप काहाँ फाल्नु मैले ।” १४ (**बसाई पृष्ठ ५५**) “ भनी साध्य छैन मेरो कुरा नसुन्न कार्की पाप लाग्छ । म पातकी हूँ । राम्रैकी पातकी ।” **१५ बसाई पृष्ठ ५४**

**ग.६ मञ्चीय पात्र :-**

झुमाबती आसन्नताका आधारमा मञ्चीय पात्र हो । उपन्यासमा उसको भुमिका मञ्चमा देखा पर्ने नै छ । सम्बाद र उपस्थितिमा अधिक्यता पाइनु मञ्चीय भुमिका निर्वाद्ध गर्नु नै हो । खाना पनि बनाउनु, घाँस दाउरा गर्नु, सँगिनी गाउनु देखि लिएर प्रशस्तै सम्बादात्मक अभिव्यक्ति उजागर गर्नुले पनि ऊ मञ्चीय पात्र हो ।

**ग.७ बद्धपात्र :-**

झुमा आबद्धताका आधारमा बद्धपात्र हो । अर्को कथाखण्ड त झुमा बीना कल्पना पनि गर्न सकिन्न । यदि उसलाई उपन्यासबाट अलग्याउने हो भने अर्को कथाखण्ड अघि बढन नै सक्दैन । तसर्थ ऊ बद्धपात्र हो ।

**घ. धनेको तिन वर्षे छोरो :-**

धनेको तिन वर्षे छोरो यस उपन्यासको वर्णित पुरुष पात्र हो । लिङ्गिय आधारमा पुरुष पात्रको रुपमा देखिएपनि उपन्यास भरि उसको कुनै चर्चा र भुमिका छैन । उपन्यासको कथावस्तुमा पारिवारीक पृष्ठभुमिलाई सुदृढ तुल्याउनका लागि मात्र उपस्थित गराइएको हुनाले उसको कुनै स्थान देखिदैन । तसर्थ लिङ्गिय आधारमा पुरुषका कार्यका आधारमा गौण, प्रबृतिका आधारमा अनुकुल, स्वभावका आधारमा गतिहीन, जिवन चेतनाको आधारमा चाहीँ ऊ वर्गिय पात्र हो । बालबालिकाहरुको स्वभाव, स्थिती र लक्षण झल्काउने व्यवहार ऊद्वारा घटित हुनाले वर्गिय चरित्र हो । त्यस्तै आसन्नताका आधारमा ऊ मञ्चमा देखा पर्दछ, त्यसैले ऊ मञ्चीय पात्र हो भने आबद्धताका आधारमा ऊ मुक्त पात्र हो । उसलाई उपन्यासको घटनाक्रमबाट अलग्याउँदा पनि उपन्यासलाई कुनै असर गर्दैन । तसर्थ ऊ मुक्त पात्र हो ।

**ङ बैदार बुढा**

**ङ.१ पुरुष पात्र :-**

लिङ्गका आधारमा बैदार बुढा पुलिङ्ग पात्र हुन । बैदार गाउँका मान्य गन्य व्यक्तिमा पर्दछन् । उनका बुढा शब्दले पनि उनलाई पुरुषपात्रको रुपमा चिनाउँछन् ।

**ङ.२ सहायक पात्र :-**

कार्यका आधारमा बैदार बुढा सहायक पात्र हुन् । कथावस्तु सँग प्रत्यक्ष जोडिएका र कथावस्तुलाई अग्रगति दिने पात्र हुन् । बैदार बुढा गाउँका शोषक, सामन्त वर्गमा गन्ना हुने गरिब निमुखालाई चिचोमिचो गर्ने प्रबृति भएका पात्र हुन बैदार । यसै आधारमा सहायक पात्र मान्न सकिन्छ ।

**ङ.३ प्रतिकुल पात्र :-**

प्रतिकुललाई आधार बनाएर हेर्दा बैदार बुढा प्रतिकुल पात्र हुन । अरुको हित र भलाई नचाहिने आफु मात्र हुँदो गर्न खोज्ने बैदार बुढा ऐचोपैचौं र व्याजमा सबैलाई कसेर लिने तर ब्राह्मणलाई दक्षिणा दिन तथा भोजन गराउनमा आनन्द ठान्ने स्वभाव उनमा थियो । दाया र मायाको भावना नभएका यस्ता पात्र प्रतिकुल नै हुन । जस्तै "....भैसीको दाम २६ रुपैया भयो, ब्याज महिना मर्न बित्तिकै हरेरामको घरमा पुऱ्याइ दिनु पर्छ.... अँ तेरा गोठका गोरु भैंसी फुकाउने छु नि ! ला के भन्ने तमासुकमा बुढी औंलाको छाप लगाई दे ।" **१६ बसाई पृष्ठ ३**

**ङ.४ गतिशील पात्र :-**

बैदार बुढा यस उपन्यासका विभिन्न पात्रहरु मध्ये एक गतिशील पात्र हुन । धेरै ठाउँमा आफ्नो गतिलाई नदेखाए पनि केहीँ स्थानमा उनको सम्बाद पाइन्छ । अभिव्यक्ति पाइन्छ र भुमिका पाइन्छ । यि सबै आधारबाट हेर्दा ऊनी गतिशील पात्र हुन । उनको गतिशीलतालाई देखाउन- "हरिरामको के भन्ने, भैंसीको २६ रुपैयाँ हो । ब्याज मर्न बितिकै हरेरामको घरमै पुऱ्याउनु पर्छ । **(१७ पृष्ठ ३)**

**ङ.५ वर्गीय पात्र :-**

जीवन चेतनाका आधारमा बैदार बुढा वर्गीय पात्र हुन । उनी शोषक सामन्त बर्गको प्रतिनिधि पात्र हुन । हरेरामको थेगो राखेका बैदार बुढा भग्वानको नाम जप्नु धर्म ठान्दछन् तर गरि निमुखाहरु माथि थिचोमिचो गर्नु, ब्याज कस्नु जस्ता कार्यमा रमाउने बैदार बुढा यस्ताका प्रतिनिधि पात्र भएकाले यि वर्गीय पात्र हुन । "....हरिरामको तमसुक पञ्चको सामु छ आज के भन्ने रुपैया चुक्ता गर्नुपर्छ, होइन भने फुकाउँछु गोठका वस्तु ।"

चाहिँने भनेदेखि साहुको माल ल्याएर केही पत्तै नगरेर कसरी हुन्छ ? यि आधारबाट पनि बैदार वर्गीय पात्र हुन ।

**ङ.६ मञ्चीय पात्र :-**

बैदार बुढाको भुमिका उल्लेख्य रहेको र सहायक पात्र पनि भएकाले उनी मञ्चीय पात्र हुन । प्रत्यक्ष सम्बाद र उपस्थिती घटनाक्रममा देखिएका हुनाले पनि उनी मञ्चीय पात्र हुन ।

**ङ.७ बद्ध पात्र :-**

बैदार बुढा यस उपन्यासका बद्धपात्र हुन । धने बस्नेतलाई बसाई हिडाउँने कार्यमा उनको ठुलो हाथ रहेको हुनाले उनी बद्धपात्र हुन । उनको अनुपस्थितिमा बसाई उपन्यासको शिर्षक सार्थकता तथा कथावस्तुले नै अर्को बाटो लिने भएकाले यस उपन्यासमा उनी बद्धपात्र हुन ।

**च.) नन्दे ढकाल**

**च.१ पुरुष पात्र :-**

लिङ्गी आधारमा नन्दे ढकाल पुरुष पात्र हो । साहु माहाजनको रुपमा चिनिएको नन्दे ढकाल बज्यैको लोग्ने हो । यी कथनबाट पनि नन्दे पुरुष पात्र हो भने

अनुमान लगाउन सकिन्छ - "एकदिन नन्दे लुईटेल प्रतिको रिस आफ्नो स्वास्नी छेउ पोखिरहेको थियो । (**१८ बसाई पृष्ठ ३०** )

**च.२ सहायक पात्र :-**

नन्दे ढकाल कार्यका आधारमा सहायक वर्गमा पर्ने पात्र हो । कथावस्तुलाई अग्रगति दिने काम उसबाट पनि भएको छ । साँच्चै भने हो भने धनेलाई बसाई हिडाउँने कार्यमा उसको महत्वपुर्ण भुमिका रहेको छ । मुल कथावस्तुलाई अग्रगामी छर्लाङ्ग भर्ने काम उसबाट भएको हुनाले ऊ सहायक पात्र हो ।

**च. ३ प्रतिकुल पात्र :-**

नन्दे ढकाल प्रबृतिको आधारमा प्रतिकुल चरित्र हो । कथावस्तुको सहजता भन्दा भिन्न रहेर हरतरहले कथानकको मुल पात्रलाई दुख दिनु प्रतिकुल बनिनु हो । अनुकुल हुन खोज्ने प्रवृति भित्रको प्रतिकुल पात्र हो । ऊ अनुकुल यस आधारबाट हुन खोजेको छ । "...नन्देले धनेलाई खेत दिने भयो साथै गोरु किन्न र घर खर्च गर्न रुपीयाँ समेत धनेको खेतवारी डिग राखेर दिन राजी भयो ।" **१९** (**बसाई पृष्ट-३०**)

यसले उसलाई अनुकुलता नजिक पुऱ्याउन खोज्दछ तर यसभित्रको स्वार्थलाई केलाएर हेर्दा ऊ प्रतिकुल पात्र नै हो । यसैलाई पुष्टि गर्ने अन्य आधारमा "...नन्देले धनेलाई खेत नदिने निर्णय पनि सुनायो ।"२० (**पृष्ठ ३७**)

" ऐ बजिया चुप लाग, जान्ने भाको बजिया । भलादमीको माझमा मुख खोल्न कसले लायो, तलाई ऐ बजिया" **२१** ( **पृष्ठ ३७**)

**च.४ गतिशील पात्र :-**

नन्दे ढकाल यस उपन्यासको गतिशील पात्र हो भन्नु पर्ने हुन्छ। यथेष्ट मात्रामा उनको सम्बाद सिमीत स्थानमा देखिएको सम्बादले उपन्यासलाई गतिशील तुल्याएको छ। उपन्यासको घटनाक्रम उसको कारणबाट पनि घटित भएको छ। यसका थप आधारहरु -" ऐ बजिया चुप लाग, जान्ने भाको बजिया। भलादमीको माझमा मुख खोल्न कसले लायो, तलाई ऐ बजिया।" **२२ (पुष्ठ ३७ )**

**च.५ व्यक्तिपात्र :-**

नन्दे ढकाल यस 'बसाई' उपन्यासको एक व्यक्ति पात्र हो उसले यस उपन्यासमा हामी शब्दको प्रयोग तथा सबैको प्रतिनिधित्व हुने सम्बादको कुनै स्थान देखिदैन। यद्यपि नन्दे ढकाल समहुमा देखा परेको तथा शोषक वर्गको प्रतिनिधित्व गर्ने पात्र चाहिँ हो। यस आधारले पनि ऊ व्यक्ति पात्र हो।

**च. ६ मञ्चीय पात्र :-**

आसन्नताका आधारमा नन्दे ढकाललाई मञ्चीय पात्रकै रुपमा उल्लेख गर्नूपर्ने हुन्छ। हुनत उसको भुमिका उल्लेख्य मात्रामा देखा नपरेपनि धेरै स्थानमा उसको सम्बाद देखा पर्छ। यस आधारले पनि उ मञ्चीय पात्र हो भन्नुपर्छ। उसको सम्बादलाई यहाँ धनेसँग गराएको तथा कार्की र श्रीमति निसाफको क्रममा देखापरेका सम्बाद यसका आधार हुन।

**च. ७ बद्धपात्र :-**

आबद्धताका आधारमा नन्दे ढकाल बद्धपात्र हो। उपन्यासबाट उसलाई अलग्याएर हेर्ने हो भन्ने घटनाक्रम अधुरो हुन जान्छ। त्यसैले घटनाक्रमलाई अघि बढाउन उसको पनि भुमिका उल्लेख्य रहेकालाई ऊ बद्धपात्र नै हो।

**छ.) रिकुटे**

**छ.१ पुरुषपात्र :-**

लिङ्गी आधारमा रिकुटे यस बसाई उपन्यासको पुरुषपात्र हो । रिकुटेबाट फर्किएको आफ्नो यौनतृष्णा मेटाउने उद्देश्यले झुमासँग उसको फर्कदो बैशबाट आकर्षित भएर बनाबट्टी प्रेम गर्ने नक्कली प्रेमी हो । ऊ पुरुष पात्र हो भने थप आधारमा - "....युवक व्यक्ति त्यहीँ धाराको छेउ आएर टक्क उभियो ।" २३ (**बसाई पृष्ठ ६२** )

यो उभिने व्यक्ति अरु नभएर रिकुटे नै हो । त्यसैले यो पुरुष पात्र हो ।

**छ.२ सहायक पात्र :-**

रिकुटे कार्यका आधारमा यस उपन्यासको सहायक पात्र हो । अर्को खण्डको कथावस्तुलाई अग्रता दिने रिकुटे झुमावतीको जिवनलाई जिवर र मरणको दोधारमा पुऱ्याउने पात्र हो । उसले झुमालाई सँरक्षण गरेको भए उ दोश्रो खण्डको प्रमुख हुन्थ्यो तर त्यसो नभएकाले उ सहायक पात्र हो ।

**छ.३ प्रतिकुल पात्र :-**

प्रवृतिका आधारमा रिकुटे प्रतिकुल पात्र हो । उसले कथावस्तुको मुल मर्म र उद्देश्य विपरित कार्य गरेको पाइन्छ । धोखा, षडयन्त्र, बास्ना, तृप्ती जस्ता कार्य गरि आफ्नो स्वार्थ पुर्ति गर्ने काम गरेको छ । रिकुटेले अझ भन्ने हो भने उपन्यासको खलनायकको भुमिकामा देखापरेको व्यक्ति हो । त्यसैले प्रतिकुल पात्र भन्न सकिन्छ ।

**छ.४ गतिशील :-**

स्वभावका आधारमा हेर्ने हो भने रिकुटे गतिशील पात्र हो । उपन्यासको सुरुवातमै देखापरेको ऊ चर्चाका आधारमा मात्रै हेर्ने हो भने लगभग अन्त्यसम्म नै देखापरेको छ । सम्बादात्मक अभिव्यक्तिलाई लिएर अगाडि बढेको रिकुटे गतिशील पात्र नै हो । यसलाई पुष्टि गर्न "...खै पानी खान्न पाइन्छ की ?" **२४ बसाई** (**पुष्ठ ७**) " म ऊ त्यो रुखमा चढछु, तल बटुल है त । **२५**( **बसाई पुष्ठ ४१**)

**छ.५ व्यक्ति पात्र :-**

जिवनको चेतनाका आधारमा हेर्दा प्रत्यक्षतः ऊ व्यक्ति पात्र हो । व्यक्तिगत समस्या जिवन र भोगाईका कुराहरु व्यक्त गरेको छ । आशयगत रुपमा हेर्ने हो भने फौजी गतिबिधी झल्काउने हुनाले उसले त्याये वर्गको प्रतिनिधित्व गरे झैँ लाग्ने गर्छ । तर उसको सम्बाद एकल ढँगको र मबाट नै बुझ्न र पठन पाइने हुनाले ऊ व्यक्ति पात्र हो । "तिमी मेरी हौ झुमा, कसैले मबाट छुट्याउन सक्दैन ।" २६ (**बसाई पृष्ठ ४२**) " झुमा मुग्लान जाने ? म असारमा जान्छु ।" २७ (**बसाई पुष्ठ ४२**)

तर कतैकतै हामी भनेर व्यक्त गरेको पनि पाइन्छ जस्तै " ए हामीले सबैथोक टेलिङ्ग गरेको छ ।" २८ (**बसाई पुष्ठ ४१**)

**छ.६ मञ्चीय पात्र :-**

आसन्नताका आधारमा रिकुटे मञ्चीय पात्र हो । प्रत्यक्ष रुपमा सम्बादात्मक प्रस्तुतीमा देखा परेको रिकुटे मञ्चमा देखा पर्ने पात्र हो । यसैले ऊ मञ्चीय पात्र हो । यस आधारलाई पुष्टि गर्न - " यो बनमा को तामासा हेर्न आउँछन र ! भारी पुग्यो ?" २९ (**बसाई पुष्ठ ५३**) जस्ता पक्ष देखाउन सकिन्छ ।

**छ.७ बद्धपात्र :-**

रिकुटे यस उपन्यासको बद्धपात्र हो । उसलाई हटाएर हेर्ने हो भने उपन्यासको दोश्रो खण्ड वा कथावस्तुले अग्रता लिन सक्दैन, त्यसैले ऊ यस उपन्यासको बद्धपात्र हो ।

**ज.) मोटे कार्की**

**ज .१ पुरुष पात्र :-**

लिङ्गीय आधारमा मोटे कार्की पुरुष वा पुलिङ्ग पात्र हो । ऊ गाउँको सोझो इमान्दार र खसी व्यापारी हो । ऊ पुरुष हो भने थप आधार झुमाले

भनेको यो भनाईबाट पनि पुष्टि हुन्छ- " ओ कार्की दाज्यु ! तिमी यहाँ किन आयौँ ?" **२९ ( बसाई पृष्ठ ५३)**

**ज.२ सहायक पात्र :-**

मोटे कार्की कार्यका आधारमा सहायक पात्र हो । ऊ उसले कथावस्तुलाई अघि बढाउने कार्यमाग गरेको छ । उसको उल्लेख्य भुमिका नभएर पनि सहायक मुख्य भुमिका देखिएको छ ।

**ज.३ अनुकूल पात्र :-**

प्रंवृतिको आधारमा मोटे कार्की अनुकूल पात्र हो । उसले यस बसाई उपन्यासमा मुल कथावस्तुको सापेक्ष सहयोग गरेको छ । झुमावतीलाई साथ दिनु, धनेलाई नन्दे ढकालको पेट मिलाईदिनु जस्ता कार्यले ऊ अनुकूल पात्र बन्न पुगेको पाइन्छ ।

**ज.४ गतिशील पात्र :-**

स्वभावका आधारमा मोटे कार्की व्यक्ति हो । उसको सम्बादमा सबैठाउँमा म को प्रयोग पाइन्छ । "....के पिरले मर्न खोजछ्यो तिमी ? मैले गरेर लाग्ने सम्म म तिम्रै भलो गरौँला ।"

**ज.६ मञ्चीय पात्र :-**

मोटेकार्की आसन्नताका आधारमा मञ्चीय मात्र पनि हो । ऊ प्रत्यक्ष उपस्थिति भएर संवादात्मक अभिव्यक्ति दिने पात्रका रुपमा देखिएको छ । त्यसैले ऊ मञ्चीय पात्र हो ।

**ज.७ बद्ध पात्र :-**

आबद्धताका आधारमा मोटेकार्की बद्ध पात्र हो । यदि उसलाई हटाउने हो भने उपन्यासको अन्त्य दुःखद हुन्थ्यो भने कथावस्तुले पनि यति कल्पनीक कथालाई लिएर अघि बढने थिएन । त्यसैले ऊ बद्ध पात्र हो ।

**झ.) तेर्से लामिछाने :-**

**झ.१.पुरुष पात्र :-**

लिङ्गीय आधारमा तेर्से लामिछाने पुरुष पात्र हो । मध्यम वर्गीय तेर्से उदारवादी पात्र अन्तर्गत पर्दछ । ऊ पुरुष पात्र हो भन्ने थप प्रमाण धनेले भनेको यस भनाइबाट पनि बुझ्न सकिन्छ - " लै दाई , यो अस्ति मैले चलाएको, अलिकति पोर मासु खाको पैसा पनि तिरेको थिएन ।" **३१** ( **वसाइँ पृ.५८**)

**झ.२ गौण पात्र :-**

कार्यका आधारमा तेर्से लामिछाने गौण पात्र हो । उपन्यासमा उसको खासै ठूलो भूमिका छैन । एकै स्थानमा झुलुक्क देखापरेको पात्र हो तेर्से । त्यसैले उसलाई गौण पात्र भन्न सकिन्छ ।

**झ.३ अनुकूल पात्र :-**

प्रवृतिका आधारमा तेर्से लामिछाने अनुकूल पात्र हो । उसले उपन्यासको प्रमुख धनेको हुँदो गरेको छ । यस आधारले ऊ अनुकूल पात्र हो । धनेले सबै केटाकेटी लिएर अन्यत्रै जाने कुरा गर्दा आँखा रसाउने तेर्सेले धनेले तिरेको ऋृण नलिई यसो भनेबाट त्यो केटाकेटीलाई बाटामा खाजा किनीदिनु हऊ भाई, मलाई पर्दैन । ३२ ऊ अनुकूल पात्र हो । (**बसाई पृ -५९**)

**झ.४ गतिहिन पात्र :-**

स्वभावका आधारमा हेर्ने हो भने तेर्से लामिछाने गतिहीन पात्र हो । उपन्यासको कथावस्तु विस्तारमा उसको खासै ठूलो भुमिका छैन । उसलाई हटाउँदा पनि उपन्यास लङ्गडो बन्दैन । त्यसैले ऊ गतिहिन पात्र हो ।

**झ.५ वर्गिय पात्र :-**

जिवन चेतनाका आधारमा तेर्से वर्गिय पात्र हो । उसले गरिब वर्गको प्रतिनिधित्व गरेको छ । यसको लागि यस भनाईबाट बुझ्न सकिन्छ- " हाम्रो पनि त्यही दशा त हो नि, जिलो उठ्न कति बेर लाग्छ र ?...... ।" **३३ (बसाई पृ-५९)**

**झ.६ मञ्चिय पात्र :-**

तेर्से लामिछाने आसन्तताका आधारमा मञ्चीय पात्र नै हो । थोरै सम्बादाताम्क अभिव्यक्ति लिएर देखिएको भएपनि पर्दापछाडि छैन । नायक सँग प्रत्यक्ष सम्बाद पात्र तेर्से मञ्चीय पात्र नै हो ।

**झ.७ मुक्त पात्र :-**

यस उपन्यासमा प्रयोग भएको थोरै मुक्त पात्र मध्ये तेर्से पनि एक हो । ऊ उपन्यासको प्रत्यक्ष सम्बादात्मक रुपमा देखा परेको छ तर ऊसको भूमिका त्यति उल्लेख्य छैन । धनेले ऊ सँग लिएको ऋणको अघि कहिँ चर्चा छैन । एकैचोटी तिरेको बेलामा देखिएको छ त्यसैले ऊसलाई हटाएर हेर्ने हो भनेपनि कथावस्तुमा कुनै प्रकारको असर देखिने छैन । त्यसैले ऊ मुक्त पात्र हो ।

**६.६. पात्र वर्गिकरणको अन्य आधार :-**

**६.६.१ लिङ्गका आधारमा बसाई उपन्यासमा प्रयुक्त पात्रहरुको वर्गिकरण**

**१.१ स्त्रीलिङ्गीय पात्रहरु :-**

१. मैना

२. झूमा

३. ठूली

४. ढकाल्नी

५. गोमा

६. कान्छी धर्तिनी

**१.२ पुलिङ्ग पात्रहरु**

१. धने बस्नेत

२. धनेको तिन वर्षिय छोरो, बाल, वर्णित पात्र

३. बैदार बूढा

४. काहिला धामी

५. तेलु मगर

६. लेउते दमाई

७. रिकुटे

८. बूधे कामी

९. मोटे कार्की

१०. दोवाटे साहिले

११. लुइटेल

१२. नन्दे

१३. साने धर्ति

१४. कान्छो साहु

१५. चिम्से

१६. तेर्से लामिछाने

१७. मुखिया, सुब्बा, बैदार र पञ्च भदालमीहरु

**६.६.२ बसाई उपन्यासमा प्रयुक्त पात्रहरुलाई वर्णगत आधारमा वर्गीकरण**

**६.१ ब्राह्मण**

१. बैदार बूढा

२. लुईटेल

३. नन्दे ढकाल

४. ढकाल्नी

५. कान्छो साहु

६. तेर्से लामिछाने

७. मुखिया

८. सुब्बा

**६.२ क्षेत्री**

१. धने बस्नेत

२. मैना

३. झूमा

४. धनेको छोरो

५. काहेला धामी

६. रिकुटे

७. ठूली

८. मोटे कार्की

९. दोबाटे साहेला

१० गोमा

**६.३ वैश्य**

१. तेलु मगर

२. साने घर्ती

३. कान्छी घर्तीनी

**६.४ शुद्र**

१. लेऊते दमाई

२. बुधे कामी

**६.४ वर्गगत र जातीगत आधारमा स्पष्टसँग खुल्न नसकेका पात्रहरु :-**

१. काहिला धामी

२. ठूली

३. दोबाटे साहिले

४. चिम्से

५. गोमा

**६.५ जातीगत आधारमा बसाई उपन्यासका पात्रहरुलाई छुत र अछुत गरी दुई भागमा वर्गिकरण गरेर हेर्न सकिन्छ ।**

**६.५.क छुत :-**

धने, मैना, बैदार, तेलु, रिकुटे, ठूली, मोटे कार्की, दोबाटे साहिले, लुइटेल, नन्दे ढकाल्नी, साने घर्ति, कान्छो साहु, चिम्से, गोमा, कान्छी घर्तिनी, तेर्से लामिछाने, मुखिया, सुब्बा, काइलो धामी

**६.५.ख अछुत :-**

लेऊते दमाई, बुधे कामी ।

यसरी हेर्दा उपन्यासमा अछुत(पानी नचल्ने) वर्गमा पर्ने पात्रको सँख्या ज्यादै न्युन वा दुईमात्र चर्चित र वर्णित पात्र रहेको पाइन्छ । ब्राह्मण र क्षेत्रीइ वर्गका पात्रहरुलाई पनि असल गरेर हेर्ने हो भने मतुवाली वर्गका पात्र नै बरु उल्लेख्य रहेको पाइन्छ ।

**६.६.३. कुलगत आधारमा 'बसाई' उपन्यासका पात्रहरुको वर्गीकरण**

**६.६.३.क) उच्च कुल घरानिया पात्रहरु :-**

१. बैदार बूढा

२. लेऊते दमाई

३. नन्दे ढकाल र उसको परिवार

**६.६.३.ख) मध्यम कुल घरानिया पात्रहरु**

१. रिकुटे

२. मोट कार्की

३. लुइटेल

४. कान्छो घर्ती आदि

**६.६.३.ग) निम्न कुल घरान भएका पात्रहरु**

१. धने र उसको घर परिवार

२. काहिले धामी

३. तेलू मगर

४. दोबाटे साहिले

५. साने घर्ती

६. चिम्से

७. गोमा

८. तेर्से लामिछाने आदि

यस उपन्यासमा प्रयुक्त पात्रहरुलाई कुल घरानका आधारमा यसरी तिन वर्गमा विभाजन गरेर हेर्दा आसामी लगाउन सक्ने सबैले मान्ने तथा भद्रभलादमीको कोटीमा गणना हुनसक्ने, सामन्तीहरु नै भएपनि उच्च वर्गमा राखिएको छ । जो खानाका लागि अर्काको दैलो कुर्दैन

आफ्नो बलबुता र पौरखमा आफ्नो माटोबाट जिविकोर्पाजन गर्न सक्षम छन् ति मध्यम वर्गिय हुन भने ति भन्दा निम्न स्तरका जो शोषित वर्गमा आफ्नो वर्गमा जिवनयापन गर्न विवश छन् तिनीहरु निम्न वर्गका पात्रभित्र समेटिएका छन् ।

**६.६.४. कार्यका आधारमा बसाई उपन्यासका पात्रहरुको वर्गिकरण :-**

यस आधारबाट पात्रहरुको वर्गिकरण गर्ने उपन्यासमा पात्रहरुले निभाएको भूमिका तिनीहरुको उपस्थिती आदिलाई आधारगत रुपमा हेर्दा पात्र सक्रिय र निस्क्रिय दुई वर्गमा विभाजन हुन्छ । जसले उपन्यासमा आफ्नो सम्बादात्मक अवस्थालाई अगाडि बढाएको छ उ सक्रिय र जसले सामुहिक उपस्थितीमा उपस्थित मात्रै जनाउँछ ऊ निस्क्रिय पात्र हो ।

६.६.४.क) **सक्रिय :-**

धने, मैना, झूमावती, बैदार बुढा, काहिला धामी, लेऊते दमाई, रिकुटे, ठूली, मोटे कार्की, दोबाटे साहिले, नन्दे, ढकाल्नी, कान्छो साहु, साने घर्ती, चिम्से, गोमा, कान्छी घर्तिनी, तेर्से आदि

६.६.४.ख) **निस्क्रिय :-**

धनेको तिन वर्षे छोरो, तेलु मगर, बुधे कामी, लुइटेल, सुब्बा, पञ्च भलादमी यि आदि निस्क्रिय पात्रहरु हुन ।

**६.७. केही प्रमुख पात्रहरुको चरित्र चित्रण**

**१ धने :-**

यस बसाई उपन्यासको केन्द्रिय पात्र हो धन बहादुर बस्नेत । ऊ पच्चिस वर्षिय जवान नेपाली गाउँले ठिटो हो । गरिब निमुखा र असहाय पात्रहरुको प्रतिनिधि पात्रको रुपमा धनेलाई लिन सकिन्छ । धन र सम्पतिमा गरिव देखिए पनि मनमा ऊ गरिब छैन । आफ्नो जहान परिवारका लागि मरिमेटने धने आफु जिवित रहुन्जेल सम्म मैनालाई पिर नगर्न सुझाव दिन्छ । भाग्यमा आस्था राख्ने धने आफ्नो गक्षले भ्याएसम्म कुनै कसर नराखी कार्य गर्छ तर नियतीले ठगिएको ऊ सँधै शोषक र सामन्ती साहुहरुको चक्रब्युहमा फसि नै रहन्छ । दाया र मायाले भरिएको धने जति स्वाभिमानी देखिन्छ त्यति

नै ऊ अभिमानी पनि छ । बैदार बूढाले आफ्नो गोठ रित्याएर लैजाँदा पनि धनेले उनका अघि झुक्न चाहेन, यो उसको स्वाभिमानको परिचय हो । यसका साथै धने आत्मग्लानी र भयले सताइने पात्र पनि हो । नन्दे ढकालको पासोले हिर्काएपनि ऊ आत्मग्लानी र भैंसी तल माथी परे आफ्नो उठीवास हुने भयले सताएको पात्र हो ।

बैदार बूढाको भैसी ल्याउने बेलामा धनेले बुनेको सपना बालुवाको महल सरह भताभुङ्ग भएपछि धनेको जिवनमा तुसारपातको सुरुवात हुन्छ । उसले भाग्यमा आस्था राखेपनि विश्वताको खडेरीले आस्थाको सुकाइएको पात्र हो धने । पशुप्रेमीका रुपमा चिनिने धनेले रिषको आवेगमा पशुलाई आफ्नो मानवियता बिर्सेर पशुगत व्यवहार गर्न पुग्छ र ग्लानीले सताइन पुग्दछ ।

यसरी हेर्दा धने एक गाउँले, गरिव, सोझो, इमान्दार कर्मठ नेपालीहरुको प्रतिनिधि पात्र हो । स्वाभीमान सँगै अभिमान देखा परेको दाया, माया र स्नेका साथै परिवारीक दायित्व बोध भएको पात्र हो । दुःख सँग नडराने धने यस उपन्यासको केन्द्रिय नायक पात्र हो भन्नुमा कुनै अनयुक्ति नहोला ।

**२ मैना :-**

मैना यस उपन्यासको मुख्य स्त्री पात्र हो । ऊ धनबहादुर बस्नेतकी जिवन सँगिनी हो । ऊ गाउँका सिधासाधा प्रतिनिधि पात्र हो । प्रतिब्रता धर्म नै नारीको ठूलो धर्म हो भन्ने मान्यता मैना डरपोक र भाग्यवादी चरित्र हो । गाउँ समाजका अगाडि सामन्त पञ्चहरुले उभ्याउँदा केही नहोस भनी कामना गर्ने तथा नन्दे ढकालको भैंसीलाई केही नहोस भने परेवा भाकल गर्ने उदक्त पात्र मैना यि आधारबाट डरपोक भयवित र अन्धविश्वासी पात्र पनि हो भन्नुमा कुनै अत्युक्ति नहोला । पतिका हरेक दुःख सुखमा साथदिने मैना पतिका अघि खुलेर गफ गर्न सक्दिन । सँधै पतिका अघि पत्नी दमित नै रहनु पर्छ भन्ने मान्यता उसमा छ  तर दुःख सुख बराबर हुनुपर्छ भन्ने सोचाई पनि पाइन्छ । यसरी हेर्दा मैनाको चरित्रमा द्विविधाको अभास पाइन्छ । आफु मान्छे भएपछि आफुले नै

नखाइकन भएपनि अरुलाई खुवाउनु पर्छ भने मान्यता उसमा पाइन्छ । यो उसको उच्च आदर्शता हो । नेपालीहरुको महान चाड दशैँमा आफुले झुत्रे चौबन्दी नैलगाएर भएपनि छोरो नन्द झूमालाई पहिरण दिनुपर्छ सोचाई मैनामा पाइन्छ । त्यति मात्र होइन उसले पालेको एउटा खसि (पेवा) त्यो पनि बेचेर दशैं मनाउनु पर्छ भन्ने मान्यता राख्नु उसको आदर्शतालाई उचाईमा पुऱ्याउन अर्को इट्टा थप्नु नै हो ।

अर्कोतिर मैना रिकुटे र झूमाको अबैध सम्बन्धमा उत्पन्न समस्यालाई लिएर अत्यन्तै पिरोलिएको घटनाले परिवार र इज्जत प्रतिको आफ्नो जिम्मेवार बोध गराउँछ । यसरी यि सबै घटनालाई आधार बनाएर हेर्दा मैना एक सोझी पतिब्रता इमान्दारी र परिवारीक दायित्व बोधले थिचिएकी एक आदर्श नारीको रुपमा हेर्न सकिन्छ ।

**३. झूमा :-**

बसाई उपन्यासका प्रयुक्त नारीपात्र मध्य मैनापछि देखा पर्ने पात्र हो झूमावती । वा यो उपन्यासको गौण कथावस्तु प्रमुख स्त्रीपात्र हो । अनपढ र सोझी देखिने झूमावतीमा बैश्यको चञ्चलता देख्न सकिन्छ । ऊ १५/१८ वर्षकी तरुणी ठिट्टी हो । घाँस, दाऊरा मेलापात जाँदा सुरेली भाकामा गित गाउनु, हाटबजार जानु तथा रात्री कार्यक्रममा भाग लिन जानु उसको बैसको चञ्चलतालाई झल्काउने व्यवहार हुन । सजिलै अर्काको बहाकाउमा बहकिन सक्नु दुर्गामी सोच राख्न नसक्नु जस्ता व्यवहार फेरी उसको सोझो पानामा झल्कीन आउँछ ।

स्थानीय ग्रामिण भाषीकाको प्रयोगमा रमाउने झुमावती अत्यन्त लजालु स्वभावकी देखिन्छे । समाजिक मायार्दा र सिम्मालाई उल्लघंन गर्नू हुन भन्ने मानिसिकता उसमा देख्न सकिन्छ तर अर्कालाई झटै विश्वास गरिहाल्ने बाणि आत्मा पिडक बनेको देख्न सकिन्छ । रिकुटेको

विश्वासमा फसेकी झुमा उसको नासो बढदै गएपछि सामाजिक बहिष्कृत भएर बाँच्नुको विकल्प रागेभरी नै हो भनी मृत्यु वरण गर्ने दृढ निश्चय उसमा देख्न सकिन्छ ।

यसरी यि सबै आधारहरुलाई हेर्ने हो भने झूमा एक सोझी, इमान्दार, लजालु, मायालु तथा दृढ विश्वास र समाजिक दायरालाई अनुशरण गर्ने गाउँले ठिट्टी पात्र हो ।

**४ रिकुटे :-**

रिकुटे यस उपन्यासको खल पात्र हो । बदमास, निच स्वभाव भएको पात्र हो । त्यहीको लिम्बु गाउँ घर बताउने रिकुटे आफ्नो तडकभडक र कुरा गराईको क्षनकले मान्छेलाई मख्ख पार्न निकै सिपालू देखिन्छ । आफु देशमा बसेकाले धेरै कुरो बुझेको छु भन्ने घमन्ड उसमा देखिन्छ । गाइ बस्तु चराउने देखि लिएर पल्टनीयाँ हूँदासम्मका धेरै सुखदुखका अनुभवहरु सँगाली सकेको बताउँछ । गाउँका सोझा सरल इमान्दार नारीहरुलाई आफ्नो जालमा फसाई यौन तृष्ण मेटाउने र उनीहरुलाई बेपबर्हा छाडिदिने जस्तो निच स्वभाव उसमा देखिन्छ । रिकुटेको भित्री स्वार्थलाई तथा गरेका कार्यहरुलाई षडयन्त्रको दृष्टिबाट पन्छ्याएर हेर्ने हो भने ऊ सहयोगी र उद्यर हृदयको पात्र देखिन्छ । जङ्गलमा झूमावतीलाई रुख चढेर घाँस झारीदिनु, बोकाईदिनु तथा हाट बजार जाँदा भेटिदा किनमेल र खर्चपर्च दिनु जस्ता कार्यले उसलाई झुमाजस्ती सरल केटीको दृष्टिमा उदारबादलाई झल्काइ दिन्छ । विश्वासको इट्टा थप्ने कार्य गर्छ ।

जे भएता पनि रिकुटे यस सिङ्गो उपन्यासको खलपात्र हो । ऊ आफुमा निहित स्वार्थ पुर्ति नहुन्जेल उदारताको खोल ओढनु सिपाल छेरारो पात्र हो । कामबासनाले उन्मत भएको रिकुटे फौजीको क्षेत्रको प्रतिनिधि पात्र हो । त्यसैले स्वार्थ साधन सिपालु पात्र रिकुटेलाई निच पात्रको दायरामा राख्न सकिन्छ ।

**५ मोटे कार्की :-**

सामाजिक यथार्थवादी उपन्यासकार लिला बहादुर क्षेत्रीद्वारा लिखीत यस उपन्यासको सामाजिक र मानवीय पात्र हो मोटे  कार्की । गाउँघरका खसीबोका हाटबजारमा लगी बेचेर केही मुनाफा कमाउने उसको व्यवसाय हो । स्त्री सुलभ कार्य गर्न नहिचकिचाउने कार्की त्यही स्वभाले गर्दा नै स्त्रीसमाजमा बढी भिज्न पुग्दछ । आफु अविवाहित भएपनि कसैका छोरी चेलीलाई नराम्रो नसोच्ने कार्की झुमाले भने अन्तर हृदय देखिनै प्रेम गर्थ्यो । रिकुटेसँग झूमाको लसपस देखेपछि मुटु चस्काउन पुगेको कार्कीले झुमालाई सजग समेत गराएको थियो । त्यही कुरा भएपछि ऊ दुरदर्शी थियो भन्ने पनि बुझ्न सकिन्छ । गाउँमा परेको साह्रो- गाह्रोलाई आफुले सकेसम्म फुकाउने  प्रयत्न गर्ने मोटे कार्कीमा पर्याप्त मात्रामा सामाजिकता देख्न सकिन्छ । घरको एक्लो मोटे कार्की थोरबहुत आसामी लगाएर नै बसेको थियो । रिकुटेबाट उत्पन्न समस्याको विकल्प रागेभरि छानेकी झूमालाई बचाई आफुले सरन दिनुभनेको चानचुने मानवता र उदारता होइन ।

यसर्थ मोटे कार्की यस उपन्यासको दोश्रो कथाखण्डको नायक नै हो भने फरक पर्दैन । उसमा अत्यन्तै मानवीयता र सामाजिकता पाइन्छ । धनेलाई खेत मिलाईदिने कार्यमा देखाएको सक्रियता अनि गाउँघरका सानातिना कार्यमा सघाएका घटनाहरुले उसलाई सामाजिकताको उचाईमा पुऱ्याउँदछ । रिकुटेको पेट बोकेकी झूमालाई जान्दा जान्दै र बुझ्दा बुझ्दै पनि मर्न नदिएर जिवनरक्षा तथा समर्थन गर्नू जस्ता कार्यले उसको मानवीय जस्ता पक्षलाई झल्काउँछन् ।

**६. बैदार बुढा :-**

बैदार बुढा यस बसाई उपन्यासका गतिशील पात्र हुन । आफुलाई समाजसेवी भन्न रुचाउने बैदार बुढा गरिब निमुखालाई ऋण  सहयोग त गर्छन तर व्याजमा स्याज र स्याजमा प्याज जोडेर असुल गर्न भने पछि पर्दैन । पैचोको नाममा माना मुठी बिर्सन नसक्ने तर साधुमाहात्मा भोज खुवाउँदा भने आनन्द ठान्ने गर्दछन् । धने बस्नेत जस्तो गरिब व्यक्तिलाई भैंसी दिएर त्यसको नाममा गोठ रितो पार्न पनि नचुकेका

बैदार बुढा सामन्ती पात्र हुन । गरिबलाई चुस्न मोटाउन पल्केका बैदार बुढा त्यसैले गाउँका धनि व्यक्ति भएका हुन भने कुरामा दुई मत नहोला । माखेसङ्गगलाको जाल फैलाएर सुषुप्त चालले ग्रामिण निरिह जनताको शोषण गर्ने कुरामा निकै खप्पिस देखिएीका बौदार बुढा आर्थिक बिषमताका पक्षपाती हुन ।

यसरी यस उपन्यासमा देखिएका बैदार बुढा प्रतिकुल र मञ्चीय पात्र हुन । शोषक र सामन्त वर्गको प्रतिनिधित्व गर्ने बैदार बुढा व्यक्तिलाई सामेसाङ्गलोमा फसाउन सफल भएपनि दुष्ट्याई प्रवृति भने नदेखाउने ब्राह्मण वर्गिय पात्र हुन । न्याय निसाफ गर्दा पनि वर्गिय धारणा राख्न पछि नपर्ने बैदार निष्ठुरी पात्र पनि हुन ।

## ६.८.) बसाई उपन्यासको विवेचनात्मक अध्ययन :-

२०१४ सालमा मदन पुरस्कार पुस्तकालयबाट प्रथमपटक प्रकाशित प्रस्तुत उपन्यास ३० खण्ड र ६२ पृष्ठमा निर्मित छ । सामाजिक वर्गीय द्धन्द्धलाई चित्रण गर्न सकल मानिएको यस उपन्यासमा आर्थिक विषमताले गरिब र निमुखा अशिक्षित प्राणीमाथि पारेको वज्र अनि यसैको चाटबाट विह्वल बनी बसाई सर्न विवश बनेका पूर्वी पहाडमा बस्ने नेपालीको जीवन्त कथा उनिएको छ ।

नेपालस्थित पूवी पहाडमा अवस्थित गाँउका २५ बर्षे धने बस्नेत, उनकी श्रीमती मैना, १४-१५ वर्षकी बहिनी झुमावती, ३-४ बर्षको बालक छोराका साथमा जेलिएको दु:खद कथा व्यक्त-अव्यक्त पीडा वनी पोखिएको छ । परिश्रममा विश्वास गर्ने धने भैसी किनी दुध बेच्ने र बालक छोरोलाई पनि दुध खुवाउने सुखद भविष्य स्परण गरी जीवनको सपना तुन्न पुग्दछ । बैदारबुढो सनातनी मान्छे भए पनि अरुबाट चर्को ब्याज असुल गर्न छौड्दैनथ्यो । अर्थाभावको कारण बहिनीको विवाह गर्न नसकेको अवस्थामा झुमावती कुमरी अवस्थामै दोजिया बेनेको बेला धने भन्छ - “ बेलामा विवाह गरिदिज नसक्दा, यो सब भो । आज

विवाह गरिदिन धन भए वा विवाह गरिदिंदा धन नचाहिने भए, यी सारा गाँउलेहरुको भुँडी भरिदिन नपर्ने भए यो दिन देख्न पर्ने थिएन, दोष मेरो, मेरो गरिवीको दोष, मेरो लाचारीको दोष, मेरो फुटेको भाग्य लेख्ने विधाताको ।" (**पृष्ट ५०**) भौसी किनेको केही
दिनमा पाडी बिरामी भई मऱ्यो । झारफुकले काम लाई नीलडाम हुनृ गरी पिटिदिंदा भैसी पनि तुह्यो ।

उपन्यासमा रिकुटेको प्रवेशले अर्को घटनाको बीजारोपण गरेको छ । झुमावतीसँग आँखा जुध्न पुगेको रिकुटे उसका रुप र जवानीसँग लडिन्छ । मुग्लानको मिठो सपना देखाई सुखी भविष्यको सपना बाँड्ने रिकुटेले विभिन्न प्रलोभन देखाई झुमाको कुमारीत्व हरण गर्दछ । विवाह गरी मुग्लान लैजाने झुटो सपना बाँडी झुमालाई गर्ववती तुल्याई ऊ एक्लै मुग्लानतिर भाग्दछ । समाजमा झुमाको अवस्थाप्रति टीकादिप्पणी हुन थालेपछि भाउजू मैनाको कानमा यो अशुभ समाचार पर्दा खपिनसक्नु पीडा उत्पन्न हुन्छ भने झुमालाई पनि समाजको अगाडी भारी ज्यान लिई बाँच्नलाई गाऱ्यो पर्छ ।

अर्कोतिर बैदार बूढोको साँवाव्याज तिर्न नसक्दा हलगोरु गुमाउनु परेको छ भन्ने नन्दे ढकालले खेतवारी बन्धक राखी हलगोरु र खेत कमाउन दिएको त छ, तर नन्दे ढकालकै कान्छो छोराले कुलोको पानी विषयमा अर्को पीडा थपिन्छ । धनेको पानी लगाउने पालोमा नन्दे ढकालको छोराले आफ्नो खेततिर लगाउन लगाएको र धनेलाई असह्य भई त्यसलाई पिटिदिँदाको घटनाले अर्को रुप लिएको छ । नन्दे ढकालको छोराले धनेको रोप्ने बेला भएको बिउ भौसी लगाई सबै चराउन लगाइदिन्छ । सोझो र परिश्रममा विश्वास गर्ने धनेले भैसीको २२५ र गोरु किन्न लागेको ऋृण गरी ५७५ तिर्नुपर्ने हुन्छ । धनेले कागजमा ल्याप्चे लगाइदियो । पैसा तिर्ने भाका नाघेपछि खेतबारी नन्दे ढकाललाई नै सुम्पन ऊ विवश बनेको छ । अब ऊसँग गन्तव्यहीन बसाई सराइको अन्तिम विकल्पबाहेक कुनै उपाय छैन ।

राँगे भीरबाट हामफाल्न भनी मध्य रातमा घर छोडी झुमालाई मोटे कार्कीले बचाउँछ । झुमा गर्भवती भएको वास्तविकता बोध हुँदाहुदै काकीले सहर्ष स्वीकार गरी जीवनोद्धार गरी आर्दश रुप धारण गरेको छ । समाजमा हुने टीका टिप्पणीबाट बाँच्न उनीहरु गाँउ छोडी अन्यत्र हिड्छन् ।

लामो समय देखि बस्दै आएको जन्मथलो छोड्ने तरखरमा मैनालाई सम्पूर्ण बस्तुप्रति माया जागेर आँउछ । निर्जीव वस्तुसँग समेत अन्तिम विदा लिई सानो पोको बोकी लक्ष्यहीन यात्रामा तीन प्राणी एकाविहानै बाटो तताउँछन् । यिनको यात्रालाई लेखकले भनेका छन् - " यिनको यात्रा वनवासका निम्ति होइन, न त धुरवासका निम्ति हो । यो यात्रा श्रृङ्खलाबद्ध छैन । एउटा विश्रृङ्खला यात्रा यिनीहरुले आरम्भ गरेको छन् । कहाँको यात्रा हो, कहाँ गएर टुङगिन्छ, यसको निश्चित स्थान कँहा छ ? यो सायद स्वयम यिनीहरुलाई पनि थाहा छैन होला ।" (**पृष्ट ६१**)

एकतिर मोटेकार्की र झुमा बसाई सर्दछन् भन्ने अर्कोतिर धने, मैना र उसको सानो छोराको साथ लागि बसाई सरेका छन् ।

यस उपन्यासमा धने बस्नेत र उसकी श्रीमती मैना मुख्य पात्रका रुपमा उपस्थित छन् भन्ने बैदार बूढो, नन्दे ढकाल, मोटेकाकी, झुमा, रिकुटे, सहायक पात्रका रुपमा चित्रित छन् । पहाडी गाँउमा निम्न वर्गीय परिवारमा जन्मन पुगेको धनेसँग प्रशस्त जोसजाँगर भरिएको छ । गरीबीको कारणले शिक्षाबाट वञ्चित भए पनि परिश्रम गरी आफ्नो दुःखद वर्तमानलाई सुखी भविष्यमा परिणत गर्ने सपना बोकी ऊ अग्रसर देखिन्छ । २५ वर्षे उमेरमा नै छोराछोरीको बाबु बनी घरगृहस्थी सम्हाल्न पुगेको धनेको भूमिका सर्वाधिक रहेको छ । परिश्रममा विश्वास गर्ने धने धैर्यवान भएकाले समस्यामा परेको बेला समेत आफ्नो पत्नी मैनालाई सम्झाउने गर्छ । उपन्यासमा गौप्राणीका रप्मा चित्रित धनेसँग नैतिकता, इमान्दारिता छ भन्ने दाँट, छल, लुच्याइँ र वेइमानी ऊसँग छँदै छैन् । नियमकाननलाई मिच्न नचाहने धने आफ्नो स्वाभिमान गिर्न दिने

पक्षमा छैन । भाग्यलाई विश्वास गरी परिश्रम गर्दै अगाडी लाग्दा पनि धैर्य गुमाएको छैन । बरु विषम परिस्थितिसँग सङ्घर्ष गर्छ । आखिरमा केही सीप नचल्दा इमान्दारिताको साथ आफ्नो जायेजेथा साहुलाई सुम्पी विदेशी यात्रामा संलग्न भई बसाई सर्दछ । ऊ निम्न बर्गीय सामाजिक पक्षको प्रतिनिधिमूलक चरित्र हो । आफ्नो परिवारलाई सर्वदा सुखी देख्न चाहने भने कर्मठ भएर पनि नियतिले ठगेको दुःखी चरित्र हो ।

अर्की स्त्रीपात्र मैना धनेकौ श्रीमती र झुमावतीको भाउजु हो । गरिव र अशिक्षित परिवारकी मैना श्रममै विश्वास गर्ने भएकीले घरको कामधन्दामा कहिल्यै अल्छयाई गर्दिन । आफ्नी नन्दलाई समते असाध्यै माया दिने ऊ आर्दश पत्नी हो । झुमाको कुमारीत्व हरण गरी भाग्ने रिकुटेको खोजीमा ऊ लागिपरेकी छे भन्ने अनैतिक कार्यमा संलग्न भएकीलो आफ्नै नन्दलाई गाली गर्न पनि ऊ पछि पर्दिन । नन्दको भविष्यप्रति चिन्तित मैना भावक देखिन्छे । उसले सानो कुराले पनि गहिरो प्रभाव पार्ने गरेको छ । बसाई सर्नुपर्दा समेत उसले आसपासका सवै सजीव र निर्जीव वस्तुप्रति न्यानो माया खन्याएकी छे । ऊ विपन्न र अशिक्षित महिलाको प्रतिनिधि पात्र हो ।

उपन्यासको अर्को पात्र मोटे कार्की सहायक र आदर्श पात्र हो । सामान्य रुपमा पशुको बेचबिखनबाट जीवनयापन गर्ने कार्की सहृदयाी व्यक्तिको रुपमा खडा छ । झुमावतीलाई हृदयदेखि नै मन पराउने कार्की आफ्नो विचारलाई अव्यक्त रुपमा भित्रै राख्छ । झुमावती रिकुदेसँग नजिकिएको देख्दा उसलाई सचेत हुन सल्लाह दिने व्यक्ति पनि हो । रिकुटेले झुमावतीको कुमारीत्व हरण गरी भरी जिउकी बनाइसकेको झुमालाई आफ्नो जिवनसंगिनी बनाउन गाँउ छोडी दूर बाटोको यात्रामा संलग्न बनेको छ । ऊ निश्छल, सहयोगी, सहृदयी र आदर्श व्यक्ति हुँदाहुदै पनि अन्य पात्रमा जति स्वभाविकता देखिएको छ, त्यति स्वामाविकता उसमा देखिएको छैन् ।

रिकुटे यस उपन्यासको खल चरित्रको रुपमा खडा छ । झुमावतीको रुप र मस्त यौवनका लडिएको रिकुटे भारतीय सैनकिमा कार्यरत छ । मुग्लानमा बस्न रमाइलो र आनन्द हुने झुटो सपना देखाई विवाहसमेत गरी सुख दिने स्वार्थी र जाली विचार प्रस्तुत गरी झुमाको मन पगालेको छ । उसको कुमारीत्व हरण गरेपछि कुनै सुचनाबिना नै मुग्लान भाग्ने रिकुटे समाजको स्वार्थी र यौनपिपासु व्यक्तिको रुपमा चित्रित छ । रिकुटेको प्रेममा धोका पाइसकेकी झुमालाई मोटे कार्कीले अन्तिम अवस्थामा आत्मसात गरेको बेला उसे प्रेमलाई यसरी अर्थ्याएकी छे - " प्रेम, यौवनकालको उल्लास होइन् । साँचो प्रेमले त्याग दिन्छ, बदलामा केही चाँहदैन । प्रेमको असर हृदयमा हुन्छ । तसर्थ प्रेम गरिने बस्तु हदा रहे पनि हृदयमा त्यसको प्रेम अपनाइरहन्छ, त्यो कहिल्यै सकिदैन । शारीरिक आकर्षकणमा आसक्र भएर निस्केको प्रेम, प्रेम होइन, त्यो यौवनको उमङग हो, कामना हो । त्यो दुई दिन रहन्छ अनि मर्छ ।"( **पृष्ट ५५**) रिकुटे समाजको प्रतिनिधीमूलक पात्र हो, जसको माध्यमबाट समाजका सोझा र अशिक्षित व्याक्तिहरु सुखको भूलभुलैमा लडिइै जीवन बर्बाद गर्नु पुग्दछन् । यँहा मोटे कार्की र रिकुटेको चरित्रलाई तुलना गर्ने हो भने रिकुटे जति स्वाभाविक र यथार्थ पात्र छ, मोटे कार्की त्यति नै अस्वभाविक र आदर्श छ ।

उपन्यासमा बैदार बुढो र नन्दे ढकाल पनि धनेलाई बसाई सर्न वाध्य खल चरित्रकै रुपमा चत्रित छन् । समाजमा वर्गीय असमानताकै कारणले निम्न स्तरका निमुख व्यक्तिहरु विविध अवसरमा पैसावाला साहूसँग पैसा चलाउने गर्दछन् । समयमा चर्को व्याज सहितको सावाँ सहितको कर्जातिर्न नसक्दा आफ्नो खेतवारी नै सुम्पि बसाई सर्न बाध्य हुन्छन् । यहाँ क्रमशः बैदार बुढाले केही हिस्सा ओगटेको छ भने नन्दे ढकालले बाँकी हिस्सा ओगटेको छ । आखिरमा रित्तो अवस्थामा ति निमुखा प्राणी बसाई सर्न बाध्य हुन्छन् । समाजका शोषक, सामन्त र मानवताहिन प्रतिनिधि पात्रका रुपमा यि दुवै चरित्र चित्रित छन् । उपन्यासको सेरोफेरोमा नन्दे ढकाल र

बैदार बुढाको चँगुलमा परेका ज्यादै निम्नस्तरका व्यक्तिहरु पनि धनेलाई बास उठाउने कार्यमा संलग्न देखिन्छन् । उनीहरुमा अन्याय, अत्याचारको विरुद्धमा क्रान्तिचेतको भावना छैन, बरु एउटा दुखि प्राणीले अर्को दुःखी प्राणीलाई आघात पार्ने कार्यमा मलजल गरेका छन् ।

एक अर्थमा बसाई सर्नु रहर होइन, बाध्यता होइन, सुखि भविष्यको कामना सबैमा हून्छ । कोही सुखको खोजीमा वास्तविक सुख प्राप्त गर्दछन भने कोही परिश्रम गरेर दशनँग्रा खियाएर पनि सँधै छाँयामा पर्दछन र बसाई सर्दछन् । यस उपन्यासमा धने परिश्रम गर्छ, दशनँग्रा खियाउँछ, भविष्यको सुन्दर कल्पना गर्छ । आखिरमा उसका लागि सबै दोषि सावित हुन्छन अनि भाग्यले पनि गलहती दिन्छ । यसैको परिणाम स्वरुप ऊ बाध्यताको बसाई सराईमा पर्दछ । उसका लागि एकपछि अर्को घटना हूँदै बाध्यतालाई चरमशिखरमा पुऱ्याएको छ ।

हाम्रो समाजका धेरै नेपालीहरु आर्थिक अवस्थामा कमजोर छन्, अशिक्षित छन्, सोझा छन् । यसैको फाइदा उठाई समाजकै शोषक वर्गले उसको सम्पति हडपन बल गर्ने गर्दछन् । समाजका यिनै दुईवर्ग शोषित र शोषकबीच यो कथा हो- बसाई । गाउँले परिवेश र पात्रअनुकुल भाषिक प्रयोगले उपन्यासलाई सजिव तुल्याएको छ । लेखकले जुन स्थानलाई केन्द्रविन्दु बनाएर उपन्यास तयार पारेका छन्, त्यस स्थानको वास्तविकता वर्णनमा भने केही कमि भएको महशुस हुन्छ । अन्धविश्वासलाई समेत विशेष रुपमा उठाईएको प्रस्तुत उपन्यास अधिँकाश गाउँले वस्तीका मानिसको जिवन्त कथा बनेको छ, वास्तविक बोध गराइएको छ ।

## ६.९.) 'बसाई' उपन्यासमा आदर्शोन्मुख यथार्थको चित्रण :-

यस कृतिमा बसाई हिड्नुपर्ने अवस्था आउनुभन्दा अगाडिको स्थितीलाई कथ्य बनाएर लेखिएको प्रस्तुत उपन्यासमा तत्कालिन आर्थिक र समाजिक सँरचना २००७ साल पुर्वको पुर्वकै नेपाली समाजका आचरणलाई आधार बनाइएको छ । नेपालभित्र आर्थिक विपन्न मान्छेको दैनिक जिवन विकराल थियो र त्यस विकरालताको कारण तत्कालिन सामन्ती अर्थव्यवस्था र सामन्ती संस्कृतिको ढाँचा निकै दमनकारक थियो । आर्थिक दृष्टिले विपन्न मानिने मान्छे न धार्मिक दृष्टिले प्रतिष्ठित मानिन्थ्यो न त सामाजिक दृष्टिले । त्यस्तो मान्छेलाई एकातिर अर्थाभावकै कारणले अभिभावकले निर्वाह गर्नुपर्ने कर्तव्य समेत पुरा गर्न नसकिरहेको जिवनको प्रस्तुती यसै उपन्यासमा पर्दशन भएको छ ।

सामन्त वर्गको प्रतिनिधि नन्दे ढकाल र त्यस किसिमका सामन्त वर्गका आचरणबाट समाजमा विद्यमान निम्न वर्गको परेको प्रभावलाई बहन गरेर हिडने पात्र रिकुटेका आचरणलाई उपन्यासमा नाकारात्मक विन्दुमा समेटने काम गरेको छ । क्षेत्रीले २००७ सालको घटनाबाट नेपालमा आएको परिवर्तन भन्दा पनि पुर्वको अवस्थालाई प्रतिनिधित्व गर्ने काम यस उपन्यासमा भएको छ ।

आर्थिक र नैतिक दुवै किसिमका अपराधी नन्दे ढकाल र रिकुटे आफ्नो अपराधको सजाय भोग्नबाट जोगिएका छन् । यस स्थितीलाई आत्मसात गर्दा उपन्यास रुढ आदर्शमा पुगेर टुगिँएको छ । सामन्त वर्गको पक्ष जस्ताको तस्तै सञ्चसँग जोगिएको देखिन्छ । यस कारण प्रस्तुत उपन्यासले वर्गिय विसँगतिको ज्यादति देखाएपनि त्यसको निराकरनका पक्षमा उपन्यास मौन रहेको देखिन्छ । प्रस्तुत उपन्यास शोषित र पिडित पक्ष आफ्नो अधिकार, मर्यादा र प्रतिष्ठाको रक्षा गर्ने उपाय खोजी सम्बन्धमा सचेत रुपमा जागरुक हुन नसकेका कारणले  यथार्थको सवल उदाहरण बन्न नसकि आदर्शोन्मुख यथार्थतिर मात्र अभिमुख भएको छ ।

नेपालभित्रका आर्थिक र नैतिक विकृतिबाट ग्रासित मुल्यहरुलाई लघुकार्यमा समाहित गर्न सक्ने यस उपन्यासले नेपाली समाजका निम्न वर्गिय जिवनको स्थितीलाई धनबहादुरको दिनतामा राखेर स्थापित गरेको छ । तर दिनता निवारणका पक्षमा सचेत भएर जुट्ने वातावरण दिएको छैन, पलायित बनाइएको छ झुमा जस्ता सिधासाधा महिलाहरुसँग यौन सम्पर्क गरेर रिकुटेजस्ता नैतिक भ्रष्टाचारीहरु पनि यस समाजमा छन् । त्यस शोषितता प्रतिको विद्वेष र त्यसबाट विमुक्त मार्गको चयनको संकेत सम्म पनि उपन्यासमा छैन । मोटे कार्की जस्ता पात्रहरु यस समाजका कोही होलान तर त्यस्ता मोटे कार्कीजस्ता पात्रहरुको मानसिकतामा रिकुटेको आचरणप्रतिको विद्वेष छैन । धनबहादुर जस्ता किसानहरु बसाई हिडेपछि नन्दे ढकालजस्ता सामन्त र जमिन्दारहरुलाई शोषनको ढोका सँधै निर्भयपुर्वक चलिरहने प्रकारले खुल्ला रहन्छ । अनि झुमाजस्ता निर्दोष युवतीमाथि व्यभिचार गरेर हिडेपछि रिकुटे जस्ता अपराधीलाई चोखै रहने अवसर प्रदान गरेको छ । व्यभिचारीको व्यभिचारको निराकरणमा जुट्ने कुनै उपाय सुझाइएको छैन । अतः उपन्यास आदर्शोन्मुख यथार्थवादको घेराबाट मुक्त हुन सकिरहेको छैन ।

यथार्थवादी

चिन्तन भनेको यथास्थितिको चित्रण होइनः जे छ को चित्रण गरे पनि यथार्थवादले जे हुनुपर्छको सन्देश पदि दिनुपर्छ । तर यस उपन्यासमा भएको यथार्थ जे छ हो र त्यो धनवहादुरको जीवनको दैनिक यथास्थितिको सन्देश हो बसाई हिंडनु पर्छ ; झुमाले सतीत्व गुमाउनु पर्छ ; मोटेकार्कीले अर्काले पेट बोकाएकी निर्दोष युवतीलाई बेहोर्दै जानुपर्छ ; रिकुटे जस्ता अपराधीहरु निदौष किशोरीलाई पेट बोकाएर हिंडे पनि आरामसाथ जोगिन सकिहाल्छन् भन्नेजस्ता नकारात्मक सन्देशमात्र दिएकाले उपन्यास पलायनमुखी र गरिरोधको शिकार शिकार बनाउन सफल बनेको छ । त्यस कारण यस उपन्यासका प्रवृतिले पलायनमुखी सन्देश दिएको छ ।

## ६.१०.निष्कर्ष :-

उपयुक्त अध्ययनका आधारमा आकारदृष्टिले 'बसाई' उपन्यास मझौला छन् । उपन्यासको घटनाक्रमअनुसार एकातिर यस उपन्यासले ग्रामिण जीवनको यथार्थ पक्षलाई चित्रण गर्छ भने अर्कोतिर आर्थिक प्रणालीको असमान वितरणलाई । गरीव गरीवको ज्वलाले झन-झन सुक्दै गएको छ भने धनी र सामन्त धन, शोषण र देशको ऐरावतले झन झन पोसिदै गएको पाइन्छ । नेपालको आर्थिक र सामजिक र धार्मिक असङ्गगतिका विविध पक्षहरुले नेपाली मान्छेलाई दिएका दुःखहरु प्रस्तुत गर्ने यस उपन्यासले नेपालीले बसाई हिंडनु पर्ने परिस्थितिलाई राम्ररी उतारिदिएको छ । यसैगरी यस भित्रका पात्रचयन तिनीहरुको भूमिका, विषयवस्तुको छनौट र दृष्टिबिन्दुको प्रयोगले उपन्यास मानव जीवन चाहे जस्तो गरेर गतिशील हुन् सक्दैन्, नियतिले निर्देशन गरिरहेका हुन्छन् भन्ने सन्देश छोडेका छन् ।

समग्रमा भन्दा 'बसाई' उपन्यासमा ग्रामिण जीवनको यथार्थता, समाजको आर्थिक असमानता मानवतावादी दृष्टिकोणका साथै वासनात्मक प्रेम प्रति घृणाभाव जागृत गराई मानवीय संवेदनलाई प्रस्तुत गर्ने यो उपन्यास हो ।

# अध्याय- ७

## उपसंहार र निष्कर्ष

### ७.१ उपसंहार :-

**पहिलो अध्याय :-**

यस प्रबन्धमा पहिलो अध्यायमा शोधको शीर्षक, प्रयोजन, समस्याकथन, उदेश्य, पूर्वकार्यको समीक्षा, औचित्या र प्राकल्पना रहेको छ भने शोधकार्यको सीमाङ्कनदेखि लिएर सामग्री सङकलन र विश्लेषण विधि पनि यही अध्यायमा समावेश भएको पाइन्छ । शोधलेखन भित्र के केस्ता अध्याय रहन्छन् भन्ने अध्यायगत रुपरेखा र सन्दर्भग्रन्थसूची यसै अध्याय भित्र प्रस्तुत गरिएको छ ।

**दोस्रो अध्याय :-**

यस प्रवन्धको दोस्रो अध्यायमा लीलबहादुर क्षेत्रीको जीवनीपर परिचय खुलाइएको छ । जसमा उनको जन्मस्थान, जन्ममिति र शिक्षा दीक्षा, साहित्य सिर्जनाको प्रेरणा र प्रभावलाई विभिन्न सम्बन्धित कितावहरुबाट संभार गरि दर्शाइएको छ ।

**तेस्रो अध्याय :-**

त्यस्तै अध्याय तीनमा साहित्यकार क्षेत्रीका बारेमा संक्षिप्त चर्चा उनका विभिन्न साहित्यिक विधाहरुको परिचय गराइएको छ ।

**अध्याय चार :-**

यस अध्यायको शीर्षक 'उपन्यासको सैद्धान्तिक परिचय' रहेको छ । यस अध्यायमा उपन्यासको परिचय अन्तर्गत उपन्यास शब्दको व्युत्पति र प्रारम्भ स्वरुप तथा महत्वपूर्ण परिभाषाहरु यसमा समावेश गरिएको छ ।

**अध्याय पाँच :-**

शोष प्रबन्धको पाँचौ अध्यायमा नेपाली उपन्यासको विकासक्रम तथा आधुनिक नेपाली उपन्यास परम्परामा देखापर्ने विभिन्न धाराहरुबाट उल्लेख गरिएको छ ।

**अध्याय छैठो :-**

'बसाई' उपन्यासमा पाइने सामाजिक पक्षको विशलेषणात्मक अध्ययन शीर्षक रहेको यो अध्यायमा 'बसाई' उपन्यासको विस्तृत विश्लेषणात्मक अध्ययन गरिएको छ । यसमा उपन्यासको संरचना, कथावस्तु, विशेषता, भाषाशैली आदिको बारेमा उल्लेख गरिएको छ ।

यसरी प्रस्तुत शोधप्रवन्धले 'बसाई' उपन्यासमा पाइने सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन निहित रही एउटा निष्कर्षको विन्दु सम्म पुगेको छ । क्षेत्रीले नेपाली साहित्यको उपन्यास विधामा दिएको योग्दान तथा त्यसको विशेषताका साथै क्षेत्रीको आफ्नो जीवन औपन्यासिक प्रवृतिगत विशेषता समेत खुटयाइएको छ । साथै यसमा शोधविधि अनुरुप एउटा उपन्यासको बारेमा विभिन्न कोणबाट अध्ययन र विश्लेषण गरिएको छ ।

**७.२ निष्कर्ष :-**

प्रस्तुत " 'बसाई' उपन्यासमा पाइने सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन" शोधप्रबन्ध धेरै अध्ययन सामाग्रीहरुबाट संकलित विचारको विश्लेषित रुप हो । यस उपन्यास र विश्लेषणले उपन्यास विधाको पहिचान, विकासक्रम, उपन्यासकार क्षेत्र्‍ी तथा उनको 'बसाई' उपन्यासको विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको पाठ्य सामाग्री तयार पारिएको छ । अन्य विश्लेषक तथा सर्जकहरुका निम्ति उपन्यास विधाका बारेमा आवश्यक अधिकांश जानकारी दिनसक्ने उपयोगी हुन्छ यो शोधप्रबन्ध । यसमा क्षेत्रीको व्यक्तित्व, उपन्यासकारिता तथा 'बसाई' उपन्यासका औपन्यासिक विशेषताहरुले भरिभराउ भएको स्पष्ट विश्लेषण भएको पाइन्छ । जुनसुकै अध्ययन सामाग्रीलाई पाठकले विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्दछन् । सैद्धान्तिक, तथ्यगत तथा आवश्यकता नव नव सिद्धान्त तथा प्रयोगनुकुल पात्रहरुको चरित्र चित्रण भएको छ । पट्यारलाग्दो अनावश्यक कुराहरु नराखी संक्षिप्त तथा सुबोध किसिमले यसमा विश्लेषण भएको छ ।

'बसाई' उपन्यासमा प्रयुक्त भएका पात्रहरुलाई संख्यात्मक रुपको तालिक र अर्को वर्गीकृत तालिका गरी २ वटा तालिका समेत यसमा समाविष्ट भएका छन् । उपन्यासमा प्रमुख स्थानमा देखिएका पात्रहरुलाई विश्लेषण गरी देखाइएको छ । उपन्यासमा हने तत्वका आधारबाट समेत यसलाई विश्लेषण गरिइएको छ । यसरी प्रवासी नेपाली साहित्वकार लीलबहादुर क्षेत्रीद्धारा लिखित 'बसाई' उपन्यासको विश्लेषणको क्रममा नवीन शैलीलाई देखाइएको छ ।

धेरै अध्ययन पश्चात एउटा शोधप्रबन्धको माध्यमले एउटा निश्चित विषयमा सिलसिलाबद्ध भएर निष्कर्ष सम्म पुग्ने बाटो तय भएको छ । 'बसाई' उपन्यासलाई गहिरिएर हेर्दा मूल कथानक ग्रामिण जीवनको यथार्थ पक्षलाई चित्रण गर्नु हो भने अर्कोतिर आर्थिक प्रणालीको असमान वितरणलाई । यसमा उपन्यासकारले सामाजिक जीवनमा देखा पर्ने जीवन्त घटनालाई प्रस्तुत गरेका छन् । यसमा सामाजिक समस्यालाई उपन्यासकारले राम्रोसँग केलाएको छ । यस शोधप्रवन्धमा 'बसाई' उपन्यासमा पाइने सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन मात्र पाठ्यवस्तु नभई उपन्यास विधाको जरा देखि टुप्प सम्मका कुराहरु छयाङ्ग हेर्न सकिने कैयौं घटनाहरुको चित्र उतारिकएको छ ।

### ७.३ अन्य सम्भाव्य शोधशीर्षकहरु :-

अन्य शोद्यार्थीका लागि हुने सामाजिक पक्षको विश्लेषणात्क अध्ययन शीर्षक सँग सम्बन्धित कार्यमा अतृप्त उपन्यासमा पाइने सामाजिक पक्षको अध्ययन ; ब्रम्हपुत्रको छेउछाउ उपन्यासमा पाइने सामाजिक पक्षको विश्लेषण पनि रहन सक्ने छ ।

**समाप्त !!!**

## सन्दर्भग्रन्थसूची

१. आचार्य, कुमार (२०३७), विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व, परिचय र उनका कथा एवम कथाकारिताको विश्लेषण र मूल्याङकन, स्नातकोत्तर शोधपत्र, त्रि.वि. काठमाडौँ कीर्तिपुर (अप्रकाशित) ।

२. आचार्य गिरीराज (२०३९), विश्वेश्वरप्रसाद कोइरालाका साहित्यिक विचारहरु, विराटनगर, जानुका पुस्तक भण्डार ।

३. आचार्य, ब्रतराज (२०५३), भाषिक विशिष्टताका सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको 'नरेन्द्रदाई' उपन्यास विश्वेश्वरप्रसाद कोइराला: समालोचना र विचारमा, काठमाडौँ ।

४. अधिकारी, सीतारामा (२०४३) 'वि.पी. र उनको वैभव' वेग अंङ्क ४,१७-१९

५. अधिकारी, हेमाङ्गराज (२०३२), समाजिक प्रायोगिक भाषा विज्ञान, रतनपुस्तक भण्डार, काठमाडौँ ।

६. उपाध्याय, केशवप्रसाद (२०३२), केही रचना : केही विवेचना, रत्न पुस्तक भण्डार काठमाडौँ ।

७. उपाध्याय, केशवप्रसाद (२०४०) विचार र व्याख्या, दो.सं., सा. प्रकाशन काठमाडौँ ।

८. कोइराला, खेम (२०४५), साहित्यकार विश्वेश्वरप्रसाद कोइराला, सेवा प्रकाशनः काठमाडौँ ।

९. कोइराला, जीवनचन्द्र (सम्पादक), विश्वेश्वरप्रसाद कोइराला: समालोचना र विचारमा, वि.पी. अनुसन्धान तथा सेवा केन्द्र, काठमाडौँ ।

१०. कोइराला, विश्वेश्वरप्रसाद (२०४०) आफ्नो कथा, काठमाडौ : सा.प्र.

११. कोइराला, विश्वेश्वरप्रसाद (२०४९) नरेन्द्रदाई, साभ्हा : प्रकाशन काठमाडौँ ।

१२. गिरी, मधुसुदन र ओभ्हा, रामनाथ, शोध, सिर्जना र संस्कृत काव्यशास्त्र प्रथम सं. न्यु हीरा बुक्स इन्टरप्राइजेज, काठमाडौँ ।

१३. ढकाल र भुपति (२०५६), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरुमा विचारपक्ष, जय नेपाल प्रकाशन, पोखरा ।

१४. ढुङ्गेल, भोजराज, दाहाल, दुर्गाप्रसाद नेपाली कथा र उपन्यास, एम.के. पब्लिसर्स काठमाडौँ ।

१५. थापा डा. हिमाशु (२०४९), साहित्य परिचय, चौ.स., काठमाडौँ : साझा प्रकाशन ।

१६. दहाल, कृष्णप्रसाद (२०५७), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा द्वन्द्व विधान विद्यावारिधि शोधप्रबन्ध, त्रि.वी. कीर्तिपुर ।

१७. दहाल, खेम (२०५४), तीन घुम्ती उपन्यासको सन्दभ र परिवेश एक चर्चा, गरिमा प्रकाशन ।

१८ दहाल, खेम (२०५५), विसङ्गतिवादी दृष्टिमा नरेन्द्रदाई उपन्यासको सेरोफेरो अवलोकन, गरिमा प्रकाशन ।

१९. प्रधान, कृष्णचन्द्र सिँह (२०३७), नेपाली उपन्यास र उपन्यासकार, काठमाडौँ : साझा प्रकाशन ।

२०. प्रधान, प्रचापचन्द्र (२०४०), नेपाली उपन्यास परम्परा र पृष्ठभुमि, दार्जलिङ्ग : दया प्रकाशन ।

२१. पोखरेल, रामचन्द्र (२०४०), पजातन्त्र माहासेनानी विश्वेश्वरप्रसाद कोइराला : बराणसी बन्धु प्रकाशण ।

२२. बन्धु, चुडामणी (२०५२) , अनुसन्धान, अनुसन्धता र निर्देशक, काठमाडौँ : रतनपुस्तक भण्डार ।

२३. बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), उपन्यास सिद्धान्त र नेपाली उपन्यास परम्परा, साझा प्रकाशण : काठमाडौँ ।

२४. बस्नेत, कृष्णबहादुर (२०५९), आधुनिक नेपाली उपन्यास सैद्धान्तिक विश्लेश्ण, दोश्रो संस्करण, भक्तपुर ।

२५. भट्टराई, घट्टराज (२०५१), प्रतिभै प्रतिभा र नेपाली साहित्य, दोश्रो, एकता प्रकाशरण : काठमाडौँ

२६. भट्टराई, निलकण्ठ (२०६३), माहामानव माहाकाव्य, धर्निधर पुरस्कार प्रतिष्ठान प्रकाशण : विराटनगर ।

२७. न्यौपाने, टङ्क (२०४९), साहित्यको रुपरेखा, दोश्रो, ललितपुर, साभ्का प्रकाशण ।

२८ न्यौपाने, शान्ति(२०५५), विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्रहरुको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि., पद्मकन्या कौलेज(अप्रकाशित)

२९. राई, इन्द्रबहादुर(२०५०) नेपाली उपन्यासका आधारहरु, दोश्रो, साभ्का प्रकाशण, काठमाडौँ ।

३०. रेग्मी, मुरलीप्रसाद (२०५०), मनोविश्लेषणात्मक समालोचन, दोश्रो, साभ्का प्रकाशण, काठमाडौँ ।

३१. लोहनी, पुष्कर (२०५३), यौनमुर्तिको अस्तित्व 'नरेन्द्रदाई' विश्वेश्वरप्रसाद कोइरालाका समालोचना र विचारमा काठमाडौँ ।

३२. शर्मा, तारानाथ (२०३९), नपाली साहित्यको इतिहास, दोश्रो, सङकल्प, प्रकाशण : काठमाडौँ ।

३३. शर्मा, तारानाथ (२०३९), नेपाली साहित्यको इतिहास, तेश्रो सँस्करण, नविन प्रकाशण : काठमाडौँ ।

३४. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५२), शोधविधि, ललितपुर : साभ्का प्रकाशण ।

३५. शर्मा, विष्णकुमारी (१९९२) नारी मनोविश्लेषण तथा अस्तित्वको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य, सयपत्रि प्रकाशण, बाराणसी ।

३६. शर्मा, शारदा (२०३९) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र तथा तिनको दृष्टिकोण र आकाँक्षा शोधप्रबन्ध, त्रि.वि. काठमाडौँ (अप्रकाशित) ।

३७. शर्मा, हरिप्रसाद (२०४९) विश्वेश्वरप्रसाद कोइरालाको साहित्यीक व्यक्तित्व, गरिमा प्रकाशण ।

३८. श्रेष्ठ, दायाराम र मोहनराज शर्मा (२०४०) नेपाली साहित्यको सँक्षिप्त इतिहास, साझा प्रकाशण : काठमाडौँ ।

३९. सुबेदी, दधिराज (२०५०), विश्वेश्वरप्रसाद कोइरालाको एक अर्न्तवार्ता, टिपोट र विश्लेषण र गरिमा प्रकाशण ।

४०. सुबेदी, राजेन्द्र (२०५३) नेपाली उपन्यास परम्परा र प्रबृति, भुमिका प्रकाशण, काठमाडौँ ।

४१. सुबेदी, राजेन्द्र (२०६४), नेपाली उपन्यास परम्परा र प्रबृति, दोश्रो साझा प्रकाशण ललितपुर ।

४२. ज्ञवाली, ज्ञानिष्ट(२०६३), आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाका कथाखण्ड, दोश्रो हजुरको प्रकाशण, काठमाडौँ ।

समाप्त ! ! !